सुदूरपश्चिम प्रदेश सभाको बैठकमा सम्वत् २०७७ साल असार १ गते सोमबार
आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर वोहराले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७७/७८ को
# बजेट वक्तव्य

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**

१. सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०७७/७८ को लागि यस सम्मानित सभामा बजेट प्रस्तुत गरिरहँदा राष्ट्रप्रति समर्पित भई राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्दछु। नेपालको समग्र राजनीतिक परिवर्तनका क्रममा भएका आन्दोलनका घाइते र बेपत्ता भएका नागरिकहरूप्रति सम्मान प्रकट गर्दै त्यस्ता युगान्तकारी प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रज तथा शिखर व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै, मैले यसरी यस सम्मानित सभामा बजेट प्रस्तुत गरिरहँदा कोभिड-१९ बाट प्रदेशवासीको जीवन रक्षा गदै स्वास्थ्य सेवाको प्रत्याभूति प्रदान गर्न र प्रदेश अथर्तन्त्रलाई थप चलायमान बनाउने गहन जिम्मेवारी बोध गरेको छु।

२. कोभिड-१९ महामारीबाट सङ्क्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। उपचाररत सम्पूर्ण संक्रमित व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। कोभिड-१९ महामारीको संक्रमण रोकथाम, नियन्त्रण तथा न्यूनीकरणका लागि अहोरात्र खटिनु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी लगायत यस विषम परिस्थितिमा प्रदेश सरकारलाई सहयोग गर्ने आम जनसमुदायप्रति हार्दिक आभार व्यक्त गर्दछु।

३. विश्वका प्रायः सबै मुलुकमा महामारीको रुपमा एकैचोटी फैलिएको कोभिड-१९ रोगको कारण विश्वले गम्भीर मानवीय र आर्थिक संकट सामना गर्नु परेको छ। यस संकटबाट विश्व अर्थतन्त्र प्रभावित भई शिथिल हुने स्पष्ट संकेत देखिएको छ। यस महामारीका कारण समृद्धिको हाम्रो यात्रामा पनि चुनौती थपिएको छ। यस विषम परिस्थितिमा जनताको जीवन रक्षा गर्दै अर्थतन्त्रलाई थप गतिशील एवं चलायमान बनाउँदै पुनरुत्थान गर्ने, रोजगारीका अवसरको सिर्जना गर्ने र जनजीविकालाई पूर्ववत रुपमा सहज बनाउने आजको प्रमुख आवश्यकता भएको मैले महशुस गरेको छु।

४. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा र सीमाको सुरक्षा जस्ता राष्ट्रिय हितका आधारभूत विषयमा सुदूरपश्चिम प्रदेश सरकारको प्रतिबद्धता व्यक्त गर्दै संघीय सरकारले चालेका नेपाली भूमिको रक्षा र सीमा सुरक्षाका सामयिक कदमहरुप्रति प्रदेश सरकारको दृढ साथ र समर्थन रहेको व्यहोरा यस गरिमामय सभा मार्फत अनुरोध गर्दछु। कालापानी, लिपुलेक र लिम्पियाधुरा सहितको निशान छाप भित्र अंकित नेपालको नक्सालाई नेपालको वास्तविक सीमा अनुरुप मिलाउन गरिएको प्रस्ताव नेपालको सार्वभौम संसदले सर्वसम्मतिले पारित गरेकोमा संघीय सरकार र संघीय सांसदज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

५. प्रदेश सरकारले प्रस्तुत गर्ने आगामी आर्थिक वर्षको बजेट विद्यमान महामारीले सिर्जना गरेको चुनौतीलाई न्यूनीकरण गर्ने र यस चुनौतीलाई पनि एक नयाँ अवसरको रूपमा परिणत गर्नेतर्फ उन्मुख हुने व्यहोरा अनुरोध गर्दछु।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानूनहरु, प्रदेश सभाबाट पारित भएको सरकारको नीति तथा कार्यक्रम; विनियोजन विधेयक, २०७७ का उद्देश्य; सिद्धान्त; प्राथमिकता र प्रमुख नीतिहरु; पन्ध्रौं योजना; दीगो विकास लक्ष्यहरु समेतलाई मार्गदर्शनको रुपमा लिदैं कोभिड-१९ ले सिर्जना गरेको विद्यमान परिस्थितिलाई सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रम तयार गरेको छु।

७. बजेट तर्जुमाको क्रममा माननीय प्रदेश प्रमुखज्यू, माननीय सभामुखज्यू, यस प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरु, प्रदेश सभाका विषयगत समितिका माननीय सभापति तथा सदस्यज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरु, स्थानीय तह, विभिन्न संघ संस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, विद्वतवर्ग, संचार जगत एवं नागरिक समाजबाट प्राप्त रचनात्मक सुझाव समेतलाइ यथेष्ठ ध्यान दिएको छु।

**माननीय सभामुख महोदय**

अब म प्रदेशको समष्टिगत आर्थिक स्थितिको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. आर्थिक क्रियाकलापको विस्तारसँगै गत आर्थिक वर्षमा हासिल भएको प्रदेशको उच्च आर्थिक वृद्धिदरमा कोभिड-१९ को कारण संकुचन आई ४.०८ प्रतिशत रहने अनुमान छ। यस आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादन रु. ३७

खर्ब ६७ अर्ब ४ करोड मध्ये यस प्रदेशको योगदान ७.२१ प्रतिशत हुने अनुमान रहेको छ । चालु आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. २ खर्ब ७१ अर्ब ७४ करोड भई यस प्रदेशको प्रतिव्यक्ति आय रु. ९२ हजार ८ सय ७ (७९९ अमेरिकी डलर) हुने अनुमान गरिएको छ।

९. चालु आर्थिक वर्षको ९ महिनासम्मको राष्ट्रिय औषत मुद्रास्फीति दर ६.५ प्रतिशतमा रहेको छ भने यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन इम्प्लिसिट डिफ्लेटरमा आधारित मूल्य वृद्धि ७.४७ प्रतिशत हुने अनुमान गरिएको छ। यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका शाखाहरु ६९९ पुगेका छन् भने कुल निक्षेपमा प्रदेशको हिस्सा २.०८ प्रतिशत रहेको छ।

१०.यस प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्या ३३.९ प्रतिशत, बहुआयामिक गरिबी दर ३३.६ प्रतिशत, गिनी गुणक ०.३३ प्रतिशत, बेरोजगारी दर ११.५ प्रतिशत, औषत आयु ६८.६ वर्ष रहेको छ।

११.चालु आर्थिक वर्षमा प्रदेशको कुल सरकारी खर्च विनियोजनको तुलनामा ५९.४४ प्रतिशत अर्थात रु. १६ अर्ब ७४ करोड २ लाख ५७ हजार हुने संशोधित अनुमान छ। कुल सरकारी खर्च मध्ये चालुतर्फ विनियोजनको ५६.३४ प्रतिशत अर्थात ८ अर्ब ५० करोड ४६ लाख ४९ हजार र पूँजीगततर्फ विनियोजनको ६३.०३ प्रतिशत अर्थात ८ अर्ब २३ करोड ५६ लाख ८ हजार हुने अनुमान छ।

१२.आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट राजस्व बाँडफाँडबाट रु. ७ अर्ब ९८ करोड ७२ लाख राजस्व परिचालन हुने अनुमान गरिएकोमा २५.६ प्रतिशतले न्यून हुन गई रु. ५ अर्ब ९४ करोड २४ लाख ७७ हजार मात्र प्राप्त हुने अनुमान छ। आन्तरिक स्रोततर्फ रु. ८२ करोड ६८ लाख १७ हजार परिचालन हुने अनुमान गरिएकोमा ९.३४ प्रतिशतले न्यून हुन गई रु. ७४ करोड ९३ लाख ५७ हजार परिचालन हुने संशोधित अनुमान छ। रोयल्टीतर्फ ५ करोड ९६ लाख ५५ हजार परिचालन हुने अनुमान गरिएकोमा १५.१८ प्रतिशतले वृद्धि भई रु ६ करोड ८७ लाख ११ हजार प्राप्त हुने अनुमान छ। यसरी राजस्व बाँडफाँड, आन्तरिक राजस्व परिचालन र रोयल्टी आम्दानी गरी जम्मा रु. ६ अर्ब ७६ करोड ५ लाख ४५ हजार राजस्व प्राप्त हुने संशोधित अनुमान छ।

१३. आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान तर्फ रु. १ अर्ब अनुमान गरिएकोमा रु. ९६ करोड ६१ लाख र विशेष अनुदानतर्फ १ अर्ब अनुमान गरिएकोमा रु. ७५ करोड प्राप्त हुने संशोधित अनुमान रहेको छ।

१४. आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट सशर्त अनुदान वापत रु. ४ अर्ब ५५ करोड ६ लाख अनुमान गरिएकोमा ७.३५ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ८८ करोड ५० लाख ३७ हजार प्राप्त हुने संशोधित अनुमान रहेको छ ।

१५. आर्थिक वर्ष २०७६/७७ मा अनुमान गरिएको समानीकरण अनुदान वापत रु. ७ अर्ब ९५ करोड २४ लाख रकम प्राप्त हुने देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा गत आर्थिक बर्षको बचत रकम रु. ४ अर्ब ७८ करोड ५३ लाख ६३ हजार अनुमान गरिएकोमा रु. ६ अर्ब १ करोड ९७ लाख ७८ हजार भई रु. १ अर्ब २३ करोड ४४ लाख १५ हजार बढी भई सो वृद्धि रकमलाई आगामी आर्थिक वर्षको स्रोतको रुपमा समावेश गरिएको छ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेश वित्त व्यवस्था अनुसार स्थानीय तहमा हस्तान्तरण हुने विनियोजन तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१६. स्थानीय तहको खर्च आवश्यकता र राजस्व क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार स्थानीय तहलाई रु. ६३ करोड समानीकरण अनुदान प्रदान गर्न प्रस्ताव गरेको छु ।

१७. राजस्व बाँडफाँड तर्फ स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकांक र न्यून विकास सूचकांकको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार प्रदेश विभाज्य कोषबाट स्थानीय संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गर्ने गरी कुल रु. २० करोड अनुमानित रकम प्रस्ताव गरेको छु ।

१८. आगामी आर्थिक वर्षदेखि समपूरक तथा विशेष अनुदान मार्फत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको शीघ्र कार्यान्वयन गरी प्रदेशको पूर्वाधार लगायत सामाजिक क्षेत्रको विकासका लागि बजेटमै स्थानीय तहले पहिचान गरी आफ्नो क्षेत्रमा संचालन गर्ने आयोजनाका लागि रु. १ अर्ब समपूरक अनुदान विनियोजन

गरेको छु। त्यसै गरी विशेष अनुदान स्थानीय तहलाई उपलब्ध गराउन रु. ५० करोड विनियोजन गरेको छु।

१९. सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सक्रिय सहकार्यबाट लगानी र उत्पादकत्व वृद्धि गर्दै सामाजिक न्याय सहितको दीगो र उच्च आर्थिक वृद्धि हासिल गर्न सरकारी खर्चलाई थप प्रतिफलमुखी बनाउन र सरकारको पूँजीगत खर्च गर्ने क्षमता र गुणस्तर बढाउनेतर्फ आगामी आर्थिक वर्षको बजेट केन्द्रित गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु,

२०. आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटका मुलभूत उद्देश्यहरू निम्न बमोजिम रहेका छनः-

(क) महामारी, संक्रामक लगायत सबै प्रकारका रोग र विपद्को जोखिमबाट प्रदेशका नागरिकको जीवन रक्षा गर्ने,

(ख) कोभिड-१९ रोग संक्रमणबाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थान गर्ने,

(ग) कृषिमा आत्मनिर्भरता हासिल गर्न उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार गर्ने,

(घ) गुणस्तरयुक्त आधुनिक स्वास्थ्य सेवा प्रणालीको विकास गर्ने, नागरिकको मौलिक हक र अधिकारको प्रभावकारी कार्यान्वयन मार्फत राज्यको लोककल्याणकारी भूमिका वृद्धि गर्ने,

(ङ) रोजगारी र स्वरोजगारी सिर्जना गरी अर्थतन्त्रलाई गतिशील बनाउने,

(च) समग्र आर्थिक स्थायित्व कायम गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणमा टेवा पुऱ्याउने।

२१. आगामी आर्थिक वर्षको बजेटको उद्देश्य परिपूर्तिको लागि देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छुः

(क) गरिबी र महामारीबाट आक्रान्त नागरिकहरूलाई तत्काल राहत पुग्ने कार्यक्रमहरुलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

(ख) कोभिड-१९ ले सिर्जित बन्दाबन्दीको कारण सुदूरपश्चिम प्रदेशको समग्र अर्थतन्त्रमा पर्न गएको र भविष्यमा पर्नसक्ने असरलाई न्यूनीकरण गर्ने कार्यक्रमलाई प्राथमिकता प्रदान गरिएको छ ।

(ग) स्वदेश तथा विदेशमा रोजगारी र स्वरोजगारी गुमाएका नागरिकहरुको आयआर्जन बढाई अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउन उनीहरुमा रहेको ज्ञान, सीप र क्षमता प्रयोग गरी कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने क्षेत्रमा प्रदेश सरकारका विकास कार्यक्रमहरु लक्षित गरिएको छ ।

(घ) स्थानीय सीप, स्रोत र साधनमा आधारित लघु, साना तथा घरेलु एवं मझौला उद्योग तथा व्यवसाय प्रवर्धन गरी रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्ने क्रियाकलापहरुलाई प्राथमिकता दिई प्रोत्साहन गरिएको छ।

(ङ) स्वास्थ्य, शिक्षा, मानव विकास लगायतका सूचकांकमा पछाडि परेका बाजुरा, बझाङ्ग, दार्चुला र अछाम जिल्लाहरुमा संचालन हुने कार्यक्रमहरुलाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ। प्रदेशमा रहेका छाउपडी प्रथा, जातीय छुवाछुत, बालविवाह, महिला हिंसा लगायतका सामाजिक कुरीतिहरु विरुद्ध लड्न विशेष कार्यक्रम संचालन गरिनेछन्।

(च) पिछडिएको क्षेत्र, वर्ग, लिङ्ग, जातजाति र समुदायलाई स्रोत र अवसरहरुको वितरण र पूनर्वितरण मार्फत सामाजिक न्याय सहितको सुरक्षा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछन्।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटको कार्यक्रम तथा विनियोजन अन्तर्गत **आन्तरिक मामिला तथा कानून मन्त्रालय**को कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२२. अपराधिक क्रियाकलापमा संलग्न हुने, शान्ति सुरक्षामा खलल पुऱ्याउने र कुनै प्रकारले समाजमा भ्रम, द्वेष, हिंसा, आतङ्क फैलाउने लगायतका क्रियाकलापमा संलग्न हुनेलाई कानूनी दायरामा ल्याई समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गरी अपराध रहित समाज निर्माण गर्दै अनुसन्धान र अभियोजनलाई थप तथ्यपरक र बैज्ञानिक बनाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२३. राजमार्ग क्षेत्रमा हुने अपराधजन्य क्रियाकलाप न्यूनीकरण गर्दै अपराध अनुसन्धान एवं सडक दुर्घटना न्यूनीकरण गर्न सुरक्षाको दृष्टिले संवेदनशील स्थानमा सी.सी.टिभी. क्यामरा मार्फत निगरानी बढाउने कार्यका लागि रु. २ करोड ५ लाख रूपैया विनियोजन प्रस्ताव गरेको छु।

२४. निकट भविष्यमा प्रदेशमा स्थापना हुने प्रहरी संगठनको भौतिक पूर्वाधार व्यस्थापनका लागि सुदूरपश्चिम प्रदेश प्रहरी मुख्यालय भवन निर्माण, इलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरुको भवन निर्माण तथा अन्य पूर्वाधार विकास सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउन क्रमागत र नयाँ कार्यक्रमका लागि रु. २१ करोड ८१ लाख बजेट विनियोजन गरेको छु।

२५. प्रदेशस्थित सबै सुरक्षा निकायहरुसँग प्रभावकारी समन्वय गरी प्रदेशको शान्ति सुरक्षा र अमनचयन कायम गर्न गराउन सुरक्षा सम्बन्धी सूचना संकलन विश्लेषण र व्यवस्थापनको क्षमता अभिवृद्धि गर्न तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउनका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सूचना समन्वय इकाई एवं नियन्त्रण कक्षको स्थापना गर्न बजेट विनियोजन गरेको छु।

२६. नेपाल सरकारसँगको समन्वयमा प्रदेशभित्र रहेका जिल्ला प्रशासन कार्यालय र कारागारहरुको भौतिक पूर्वाधार विकास गरी व्यवस्थापन सुधार गर्न रु. १ करोड ३५ लाख बजेट विनियोजन गरेको छु।

२७. महिला हिंसा, मानव बेचविखन तथा ओसारपसार एवं लागुऔषध ओसारपसार नियन्त्रण तथा जोखिम न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२८. नेपालको संविधान बमोजिम प्रदेश सरकारले बनाउनुपर्ने कानून तर्जुमा र विद्यमान कानूनमा सुधार सम्बन्धी कार्यहरु तदारुकताका साथ अगाडि बढाउन एवं प्रदेश भित्रका न्यायिक तथा अर्धन्यायिक निकायहरुले गरेका फैसला कार्यान्वयनमा सहयोग पुऱ्याउँदै दण्डहिनताको अन्त्य गरी कानूनी शासन स्थापना गर्न र सीमा नाकाहरुमा स्थापित नागरिक सीमा सहायता कक्षलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पर्याप्त बजेट विनियोजन गरेको छु।

२९. प्रदेश राजपत्र छपाई गर्न आवश्यक मुद्रण सम्बन्धी औजार उपकरण खरिद गरी यसै आर्थिक वर्षबाट प्रदेशमै राजपत्र छपाई सम्बन्धी कार्यको शुरुवात गर्ने व्यवस्था मिलाएको छु।

३०. प्रदेशमा आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाई सुशासन, स्थायित्व र विकासमा सञ्चार जगतको योगदान प्रर्वद्धन गर्न आगामी वर्ष प्रदेश सञ्चार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। गैर-सरकारी संस्थाको नियमन, अनुगमन, समन्वय र अभिलेखीकरण सम्बन्धी कानूनी व्यवस्था गर्न बजेट विनियोजन गरेको छु ।

३१. प्रदेशभित्र सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापन र उपयोगका लागि नेपाल सरकार र सञ्चार क्षेत्रसँग सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय गरी आवश्यक पहलकदमी लिन एवं पत्रकारहरुको क्षमता अभिवृद्धि गर्न बजेट विनियोजन गरेको छु ।

३२. विपद्को समयमा हुने क्षति न्यूनीकरणका लागि विपद् व्यवस्थापन तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरी विपद्को समयमा कार्य गर्ने जनशक्ति निर्माण गरिनेछ। विपद्को समयमा आकस्मिक उद्धारको निमित्त विपद् सामग्री खरिद एवं विपद्पछिको राहत एवं पुनर्स्थापना गर्ने कार्यका लागि रु. १ करोड ६२ लाख विनियोजन प्रस्ताव गरेको छु।

**माननीय सभामुख महोदय**

अब **म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** तर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३३. आगामी आर्थिक वर्षमा प्रादेशिक वन नीति, उद्योग नीति, वाणिज्य नीति, आपूर्ति नीति, खनिज उद्योग सम्बन्धी नीति र पर्यटन नीति तर्जुमा गरी लागु गरिनेछ।

३४. जलाधार स्रोतहरुको संरक्षण र व्यवस्थापन गर्न आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा रणनीतिक योजना तर्जुमा गरिनेछ। सीमसार क्षेत्रको अभिलेखीकरण र वर्गीकरण, जैविक विविधताको अभिलेख र वनको नक्सांकन गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३५. वन, वनस्पति, जैविक विविधता, वातावरण संरक्षण, जलाधार एवं सीमसार क्षेत्र संरक्षण गर्न सामुदायिक, कबुलियती, निजी वनको वैज्ञानिक व्यवस्थापन मार्फत वन उद्यम विकास गरी वन पैदावरमा आश्रित विपन्न तथा गरिव समुदाय लक्षित आयमूलक कार्यक्रम संचालन गर्ने नीति अङ्गीकार गरिनेछ।

३६. सुदूरपश्चिम प्रदेशमा प्रचुर सम्भावना रहेको जडीबुटीको व्यवसायीक संकलन, उत्पादन एवम् बजारीकरणका निमित्त प्रदेश सरकार, जडिबुटी विकास कम्पनी लिमिटेड र निजी क्षेत्रको सह-लगानीमा जडीबुटी प्रशोधन कम्पनी स्थापना गर्न चालु आर्थिक वर्षमा आपसी सम्झौताको कार्य सम्पन्न भएको छ। आगामी आर्थिक वर्षमा सो कम्पनी संचालनको प्रक्रिया अगाडि बढाइनेछ । उक्त कम्पनीमा शेयर लगानीको लागि रु. १२ करोड विनियोजन प्रस्ताव गरेको छु।

३७. संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका लागि अनुदान उपलब्ध गराउन रु. ३ करोड ५२ लाख विनियोजन प्रस्ताव गरेको छु।

३८. प्रदेशस्थित संरक्षित वन क्षेत्रमा रहेका पानी मुहान, वन्यजन्तु, सीमसार क्षेत्र आदिको संरक्षण तथा व्यवस्थापनका लागि रु. ३ करोड ६५ लाख विनियोजन प्रस्ताव गरेको छु।

३९. आगामी आर्थिक वर्षमा फलफूल, जडिबुटी, डाले घाँस लगायतका १८ लाख ६४ हजार विरुवाहरु उत्पादन तथा वितरण गरी नांगा डाँडामा वृक्षारोपण, सडक

किनारमा हरियाली प्रवर्धन तथा आय आर्जनका क्रियाकलापहरु विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु।

४०. प्रदेशलाई औद्योगिकीकरणको दिशातर्फ उन्मुख गराउन संघीय सरकार र स्थानीय तहको सहकार्यमा प्रदेशभित्र सम्भाव्यता अध्ययनको आधारमा **"एक स्थानीय तह, एक औद्योगिक ग्राम"** क्रमश स्थापना गरिनेछ जसका लागि रु. ५ करोड विनियोजन प्रस्ताव गरको छु।

४१. नवप्रवर्तनलाई प्रोत्साहन प्रदान गर्न स्थानीय कच्चा पदार्थ, ज्ञान र सीपमा आधारित भई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने गरी साना तथा मझौला उद्योग संचालनका लागि "**हरेक निर्वाचन क्षेत्र २ नवीन उद्योग**" स्थापना गर्न शुरुवाती पूँजी स्वरूप अनुदान सहायता उपलब्ध गराउन रु. ३ करोड २० लाख विनियोजन प्रस्ताव गरेको छु।

४२. कोभिड-१९ को कारण स्थानीय लघु तथा घरेलु उद्योगमा परेको असर न्यूनीकरण गर्दै सो क्षेत्रको पुनरुत्थान मार्फत आय-आर्जन र रोजगारी विस्तार गरी उत्पादन अभिवृद्धि गर्ने उद्देश्यका साथ **"प्रत्येक स्थानीय तहमा लघु तथा घरेलु उद्योग स्थापना"** का लागि पूँजीगत अनुदान वितरण गर्न रु. ९ करोड १५ लाख विनियोजन प्रस्ताव गरेको छु।

४३. जलवायु परिवर्तनको प्रभावसँग अनुकूलित उत्पादन प्रणाली, जनजीविका र पारिस्थितिक प्रणालीलाई व्यवस्थित गर्ने गरी जलवायु परिवर्तन अनुकुल कार्यक्रम संचालन गर्न रु. १ करोड विनियोजन प्रस्ताव गरेको छु।

४४. मानव र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई जीवन्त राख्न वातावरणीय स्वच्छता अपरिहार्य हुने भएकोले प्रदेशका प्रमुख सहरी क्षेत्रहरुका नदी किनार संरक्षण र हरियाली प्रवर्धन गर्दै आगामी आर्थिक वर्षमा वातावरण स्वच्छता अभियान संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४५. आगामी आर्थिक वर्षमा पर्यटन क्षेत्रको दीगो विकास गर्दै यस क्षेत्रमा रोजगारी एवं आयआर्जन वृद्धि गर्न पर्यटकीय पूर्वाधारको दीगो र एकीकृत विकासका लागि खसड पर्यटन विकास समिति र रामारोशन पर्यटन विकास समितिका लागि रु. ४ करोड विनियोजन प्रस्ताव गरेको छु।

४६. प्रदेशमा नयाँ-नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटन क्षेत्रलाई आय आर्जनको मुख्य क्षेत्रको रुपमा विकास गर्न प्रादेशिक पर्यटन विकास गुरुयोजना

निर्माण गरिनेछ। चालु आर्थिक वर्षमा संचालित पर्यटन करिडोर विकास कार्यक्रम, धार्मिक पर्यटन, भ्यू टावर, पदमार्ग लगायतका कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिएको छु, जसका लागि रु. ४३ करोड ३३ लाख बजेट विनियोजन गरेको छु।

४७. पर्यटन क्षेत्रमा आएको शिथिलता अन्त्य गर्ने प्रयास स्वरूप पर्यटकीय क्रियाकलाप विस्तार गरी स्थानीय रोजगारी र आयआर्जन वृद्धि गर्न ३२ वटा स्थानमा **"एक निर्वाचन क्षेत्र एक धार्मिक गन्तव्य"** कार्यक्रम संचालन गर्न रु. ३ करोड २० लाख विनियोजन गरेको छु।

४८. आगामी आर्थिक वर्षमा साईपाल, जेठी बहुरानी र अपि हिमाल आरोहण एवं साहसिक पर्यटनको पूर्वाधार विकास एवं प्रवर्धन गर्न रु. १ करोड ५ लाख विनियोजन गरेको छु।

४९. कैलाली र कञ्चनपुरका थारू र रानाथारूहरूको स्थानीय संस्कृति, ज्ञान हस्तान्तरण, भाषा, कला तथा भेषभूषा संरक्षणमा सहयोग पुग्ने गरी होम-स्टे सञ्चालनको माध्यमबाट जीवनस्तर उकास्ने कार्यक्रमका लागि रु. १ करोड ८ लाख विनियोजन गरेको छु।

५०. धार्मिक एवं साँस्कृतिक सम्पदाको संरक्षण एवं संवर्धन मार्फत धार्मिक पर्यटनलाई विकास र विस्तार गर्दै रोजगारी सिर्जना गर्ने नीति अनुरुप धार्मिक एवं सांस्कृतिक पर्यटन विकास कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

५१. बैद्यनाथ, परशुरामधाम र घोडाघोडी जस्ता पर्यटकीय गन्तव्य स्थलहरूको गुरुयोजना तयार गरिनेछ। साथै पाताल भूमेश्वर, गर्भा दरबार, बार्जुकोट दरबार, लामीताल, देवताल, बडीकेदार, सिद्ध गुफा, सुर्मा सरोवर लगायतका अन्य पर्यटकीय क्षेत्रहरूको संरक्षण र विकास गर्न बजेट विनियोजन गरेको छु।

५२. आधुनिक विज्ञानका समसामयिक विधाहरुमा अध्ययन अनुसन्धान गर्न प्रादेशिक विज्ञान तथा प्रविधि सम्बन्धी कानून तयार गरी सुदूरपश्चिम विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र विधि विज्ञान प्रयोगशालाको स्थापनाको सम्भाव्यता अध्ययन गरी कार्यारम्भ गरिनेछ।

५३. प्रदुषण न्यूनीकरण र नियन्त्रण गर्न प्लास्टिकको प्रयोगमा नियन्त्रण एवं नियमन गरी वैकल्पिक स्थानीय सामग्रीको उपयोगलाई प्रोत्साहन गर्दै कैलाली र कञ्चनपुरमा वायु प्रदुषण मापन केन्द्रको स्थापना गरी प्रदुषणको मात्रा मापन गर्ने व्यवस्था गरिनेछ, जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय**

अब म **सामाजिक विकास मन्त्रालय** तर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५४. सुदूरपश्चिम प्रदेशका नागरिकहरुको स्तरीय स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि गर्न र स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवाहरुलाई थप सहज, गुणस्तरीय एवं व्यवस्थित बनाई महामारी लगायत अन्य रोग बिरुद्ध तत्काल प्रतिरोध गर्न सक्ने क्षमता विस्तार गर्न आगामी आर्थिक वर्ष २०७७/७८ लाई "**स्वास्थ्य सेवा सुधार वर्ष**" को रुपमा मनाउन समग्र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। आगामी आर्थिक वर्ष स्वास्थ्य क्षेत्रको बजेटमा उल्लेख्य वृद्धि गरी रु. ३ अर्ब २६ करोड ६६ लाख पुऱ्याएको छु।

५५. महामारी लगायत अन्य रोगको विरुद्ध तत्काल लड्न सक्ने क्षमता विस्तार गर्ने कार्यलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिएको छ। आगामी आर्थिक वर्षमा स्थानीय तहको समन्वय र सहकार्यमा स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका नागरिकहरुलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रदेशभर प्रसुती भवन निर्माण, शहरी स्वास्थ्य केन्द्र भवन निर्माण र सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गरी मातृ तथा बाल स्वास्थ्य सेवा लगायत स्वास्थ्य सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाको पूर्वाधार विस्तार एवं सेवाको पहुँच बृद्धि गर्न १९ करोड ९५ लाख विनियोजन गरेको छु।

५६. कोभिड-१९ महामारी संक्रमण उपचारको लागि टिकापुर सहित अछाम, बाजुरा, बझाङ्ग, डोटी, बैतडी र दार्चुलामा १० शैयाको भवन निर्माण, औजार एवं उपकरण र सोको संचालन एवं व्यवस्थापनको लागि रु. ५ करोड १५ लाख विनियोजन गरेको छु।

५७. सवारी दुर्घटनाबाट हुने घाइतेको तत्काल उपचारको लागि सेती प्रादेशिक अस्पतालमा ट्रमा सेन्टर स्थापना एवं संचालन गर्न र टिकापुर अस्पताल परिसरमा सरुवा रोग अस्पताल तथा अनुसन्धान केन्द्र स्थापना एवं संचालनको लागि रु. ३ करोड विनियोजन गरेको छु ।

५८. न्याय अस्पताल अछामलाई रू. ७ करोड र सामुदायिक अस्पताल लम्कीचुहालाई रू. १ करोड अनुदान दिन बजेट विनियोजन गरेको छु। स्थानीय तह अन्तर्गतका

अस्पतालहरु, सामुदायिक अस्पतालहरुलाई पूँजीगत सुधारका लागि अनुदानको व्यवस्था गरेको छु।

५९. यस प्रदेशमा देखिएका मुख्य १० वटा रोगहरुमा ४ वटा रोगहरु खानेपानीसँग सम्बन्धित रहेकाले ९ वटै जिल्लाका स्वास्थ्य कार्यालयहरुमा खानेपानी नमूना परीक्षणको लागि प्रयोगशाला विस्तार एवं जिल्लास्तरमा नमूना गुणस्तर सुनिश्चितताको लागि रु. १ करोड ३५ लाख विनियोजन गरेको छु। साथै प्रदेशस्तरको जनस्वास्थ्य प्रयोगशालालाई थप व्यवस्थित बनाउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६०. परिवार स्वास्थ्य, बाल स्वास्थ्य, महामारी व्यवस्थापन, स्वास्थ्य सेवा प्रवर्धन लगायतका मुख्य जनस्वास्थ्य सेवाका कार्यक्रमहरुको लागि रु. ३८ करोड विनियोजन गरेको छु । प्रदेशका ९ वटै जिल्लामा विशेषज्ञ चिकित्सकीय सेवा र सर्जिकल सुविधा सहितको शिविर संचालनको लागि रु. ९० लाख विनियोजन गरेको छु । जटिल प्रसुती तथा विपद् र कडा रोगीको हवाई उद्धार मार्फत स्वास्थ्य संस्थामा आकस्मिक प्रेषणको लागि रु. ५० लाख विनियोजन गरेको छु।

६१. नसर्ने रोगको जोखिम न्यूनीकरण गर्न र जनस्वास्थ्य प्रवर्धनको लागि बिहान वा बेलुका हिड्ने, दौडने वा शारीरिक स्फूर्ति बढाउने बानी विकास गर्न "**म हिंड्छु, मेरो प्रदेश हिड्छ**" अभियान संचालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। प्रदेशभरि मधुमेह, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, उच्च रक्तचाप, मुटु रोग, मृगौला रोग लगायतका नसर्ने रोगको जोखिम पहिचान एवं न्यूनीकरणको लागि ९ वटै जिल्लाको विकट स्थानहरुमा प्रादेशिक स्क्रिनिङ्ग अभियानहरु संचालन गर्नको लागि रु. १ करोड विनियोजन गरेको छु ।

६२. प्रदेशस्तरमा आयुर्वेद चिकित्सा, होमियोप्याथिक चिकित्सा लगायतका प्राकृतिक चिकित्सा प्रणालीको संरक्षण, संवर्धन एवं विकासका लागि प्रादेशिक आयुर्वेद चिकित्सालय स्थापना एवं संचालनका लागि रु. २ करोड बजेट विनियोजन गरेको छु । सेती आयुर्वेद औषधालयमा प्रादेशिक योग तथा मेडीटेशन भवन निर्माण र महाकाली आयुर्वेद औषधालय कंचनपुरमा प्रादेशिक स्वास्थ्य प्रवर्धन केन्द्रको लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

६३. कोभिड-१९ लगायतका महामारी रोगको रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनको लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु । टिकापुर अस्पताल सहित अछाम, बाजुरा, बझाङ्ग, डोटी, बैतडी र दार्चुलाका जिल्ला

अस्पतालहरुमा महामारी व्यवस्थापनको लागि प्रयोग हुने आइसोलेशन भवन निर्माणको लागि रु. ४ करोड ५५ लाख विनियोजन गरेको छु ।

६४. यस प्रदेशमा रहेका करिब ६,०३७ महिला स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको उच्च कदर गर्दै महिला स्वास्थ्य स्वयं सेविकाहरुको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६५. जनआन्दोलन तथा सशस्त्र द्धन्द्धको बेला घाइते, विपन्न व्यक्तिहरुको निःशुल्क उपचारको लागि रु. १ करोड ७० लाख विनियोजन गरेको छु।

६६. कैलाली र कंचनपुरका थारु समुदायमा रहेको सिकेलसेल एनिमिया तथा थालेसेमिया रोगको रोकथाम तथा उपचार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६७. आर्थिक रुपमा विपन्न नागरिकको औषधोपचारमा आर्थिक सहायताको लागि १ करोड २० लाख विनियोजन गरेको छु ।

६८. ज्येष्ठ नागरिकहरुलाई घरमै आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नको लागि ९ वटै जिल्लामा मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रमको निरन्तरताको लागि रु. १ करोड ५७ लाख विनियोजन गरेको छु। प्रादेशिक स्वास्थ्य नीति, मानसिक स्वास्थ्य रणनीति र आत्महत्या रोकथाम तथा न्यूनीकरण कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

६९. प्रदेशस्तरमा विश्वविद्यालय, प्राविधिक विश्वविद्यालय तथा पोलिटेक्निक संस्था स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७०. कैलाली बहुमुखी क्याम्पसलाई खुला तथा वैकल्पिक माध्यमबाट शिक्षण सिकाई कार्यक्रम सञ्चालन गर्न अनलाईन कन्फरेन्स हल र इ-लाइब्रेरी व्यवस्थापन तथा संचालन एवं भवन निर्माणका लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छु।

७१. प्रदेशभित्रका विज्ञान वा प्राविधिक विषय पठनपाठन हुने क्याम्पसहरूलाई प्रोत्साहन अनुदान र प्रदेश भित्रका ९ वटा नमूना क्याम्पसहरूको व्यवस्थापनका लागि पूँजीगत अनुदान प्रदान गर्न रू. २ करोड ८५ लाख विनियोजन गरेको छु।

७२. यस प्रदेशमा रहेको त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त एक मात्र कृषि क्षेत्रको सामुदायिक क्याम्पस "गोकुलेश्वर कृषि तथा पशु विज्ञान क्याम्पस, बैतडी"

को भवन निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

७३. प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने क्याम्पसहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर भएको कारण अध्ययन अध्यापन गर्ने कार्य गर्न असहज भएकोले उच्च शिक्षा कार्यक्रम अन्तर्गत क्याम्पस भवन निर्माण, क्याम्पसहरूमा पुस्तकालय व्यवस्थापन तथा ICT व्यवस्थापनको लागि रू. १५ करोड ७२ लाख विनियोजन गरेको छ।

७४. युवा जनशक्तिलाई प्रदेशकै सेवाका लागि प्रेरित गर्न "**मेरो विशेषज्ञता, मेरै प्रदेशका लागि**" भन्ने मर्मसहित पिछडिएको वर्गका जेहेन्दार विद्यार्थीहरूलाई चिकित्सा शिक्षा छात्रवृत्ति, लक्षित वर्गका लागि उच्च शिक्षा अध्ययन छात्रवृत्ति र अति-विपन्न वर्गका विद्यार्थीहरूको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम छात्रवृत्तिका लागि रू. ४ करोड ९३ लाख विनियोजन गरेको छ।

७५. आर्थिक वर्ष २०७५/७६ र चालु आर्थिक वर्षमा निर्माण प्रारम्भ भएका र आगामी आर्थिक वर्षमा निर्माण गरिने प्राविधिक धारका सामुदायिक विद्यालयहरूमा छात्रावास निर्माणको लागि रू. २८ करोड विनियोजन गरेको छ।

७६. संघीय सरकारको विशेष अनुदानमा महेन्द्र मा. वि. खलङ्गा दार्चुला, केदार मा. वि. दोगडाकेदार-४ पिपलकोट, बैतडी र जयपुर मा.वि. देवलकोट पञ्चेश्वर गा.पा. बैतडीमा नमूना छात्रावास सहितको विद्यालय निर्माणका लागि विनियोजन गरेको रु. ८ करोड रकमको प्रभावकारी परिचालनबाट उपरोक्त विद्यालय भवनहरु तदारुकताका साथ निर्माण गर्ने व्यवस्था मिलाएको छ।

७७. विद्यालय शिक्षालाई उच्च प्राथमिकता दिंदै सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार अभिवृद्धि गर्न दुई कोठे विद्यालय भवन, चार कोठे विद्यालय भवन, छात्रा शौचालय, विद्यालय संरक्षण तथा मर्मत संभार लगायत ICT व्यवस्थापन गरी प्रदेशको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ। जसका लागि रू. १ अर्व १७ करोड ५० लाख बजेट विनियोजन गरेको छ।

७८. कोभिड-१९ को संक्रमणको कारण विद्यालय शिक्षण सिकाई कार्य असहज भइरहेको अवस्थामा वैकल्पिक सिकाईको माध्यमबाट सिकाई सहजीकरण गर्ने कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने कार्यको थालनी गरिनेछ। जसका लागि रू. १ करोड विनियोजन गरेको छ।

७९. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरू तथा विशेष शिक्षा संचालित विद्यालयहरूको सुदृढीकरणको लागि रू. १ करोड ८० लाख विनियोजन गरेको छु।

८०. शिक्षकहरुको अध्ययन अध्यापन गराउने सिकाई सीप सम्बन्धी क्षमता विकास गर्न प्रदेशस्तरबाट शिक्षकहरूको पेशागत विकास एवं तालिमको लागि रू. १ करोड ८२ लाख विनियोजन गरेको छु।

८१. खेलकुदको माध्यमबाट प्रदेशमा स्वस्थ एवं अनुशासित युवा जनशक्ति उत्पादन गर्न प्रदेश सभाका हरेक निर्वाचन क्षेत्रमा एक खेलकुद मैदान निर्माण एवं स्तरोन्नति गर्न रु. ६ करोड ४० लाख विनियोजन गरेको छु।

८२. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगिता संचालन गर्न सक्ने अत्याधुनिक एवं सुविधा सम्पन्न रंगशाला निर्माणका लागि महेन्द्रनगर तथा धनगढीमा रंगशालाको स्तरोन्नती तथा संरचना सुधारको निमित्त रु. १ करोड २० लाख विनियोजन गरेको छु ।

८३. मुख्यमन्त्री खेलकुद तथा अन्य खेलकुद प्रतियोगिताका साथै खेल क्षेत्रको समग्र विकास र खेलप्रतिको आकर्षण बढाउनका लागि रु. १ करोड २५ लाख विनियोजन गरेको छु। खेलाडीको वृत्ति विकास तथा सम्मानका लागि प्रदेशस्तरमा खेलाडी कल्याणकारी कोष संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८४. "**युवाको जवानी, प्रदेशको लगानी**" भन्ने नाराका साथ युवा उद्यम कार्यक्रम संचालन गर्न रु. १ करोड ६० लाख रकम विनियोजन गरेको छु।

८५. प्रदेश खेलकुद परिषद् तथा जिल्ला खेलकुद विकास समिति संचालनका साथै प्रदेश गौरवको रुपमा रहेको फाप्ला क्रिकेट मैदानको डी.पि.आर निर्माणको प्रारम्भिक अध्ययन समेतका लागि रु. १ करोड २५ लाख रकम विनियोजन गरेको छु ।

८६. ऐतिहासिक महत्वका किल्ला, गढी एवं सांस्कृतिक धार्मिक तथा पुरातात्विक स्थलका साथै प्रदेशभित्रका राष्ट्रिय एवं स्थानीय सम्पदाहरु संरक्षण, सम्बर्द्धन र विकास गर्न तथा भाषा र संस्कृतिका विविध कार्यक्रम संचालन गर्न रु १ करोड ९८ लाख विनियोजन गरेको छु।

८७. "सुदूरपश्चिमको शान, कला संस्कृतिको सम्मान" भन्ने नाराका साथ सबै धार्मिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा प्रचारप्रसार एवं प्रदेशको भाषा, साहित्य र

कलाको संवर्धनको लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८८. परम्परागत धरोहरको रुपमा रहेको हाम्रो संस्कृति, सम्पदा र उत्पादन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न परम्परागत रुपमा उत्पादित समाग्री संग्रह गर्ने कार्यलाई प्रोत्साहन गर्नका लागि रु. १ करोड २ लाख विनियोजन गरेको छु।

८९. गोदावरी नगरपालिकाको अत्तरिया चोकमा जयपृथ्वी बहादुर सिंह, भीमदत्त पन्त, दशरथ चन्द र पहलमानसिंह स्वाँरको पूर्ण कदको शालिक निर्माण गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९०. आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिलाको क्षमता विकास, रोजगारी र आयआर्जन मार्फत विकासको मूलप्रवाहमा समाहित गर्न महिला सशक्तीकरणको कार्यक्रमलाई ८८ वटै पालिकामा सञ्चालन गर्नको लागि रु. ५ करोड ११ लाख बजेट विनियोजन गरेको छु।

९१. अल्पसंख्यक, सीमान्तकृत र पिछडिएका वर्ग तथा समुदायको आर्थिक उपार्जन अभिवृद्धि गर्नुको साथै जातीय छुवाछुत तथा विभेदको अन्त्य गर्न दलित सशक्तीकरण कार्यक्रमको लागि रु. १ करोड ४० लाख बजेट विनियोजन गरेको छु।

९२. "**सानै छु म बढ्न देउ, बाल विवाह होइन पढ्न देउ**" भन्ने नाराका साथ वालविवाह अन्त्य गर्न प्रदेश सभा सदस्य, स्थानीय तहका पदाधिकारी, सामाजिक संघ संस्था, गैर-सरकारी संस्थाको समेतको संलग्नतामा अभियान संचालन गर्ने कार्यक्रमलाई थप विस्तार गरी बझाङ्ग, बाजुरा, अछाम र दार्चुलाका सबै स्थानीय तहमा विस्तार गरिनेछ, जसका लागि रु. १ करोड ६० लाख विनियोजन गरेको छु।

९३. "**एउटै सृष्टि, समदृष्टि**" भन्ने नारासहित समाजमा रहेका महिला हिंसा, छाउपडी प्रथा, बोक्सी प्रथा, जातीय भेदभाव उन्मूलन गर्न सामाजिक रुपान्तरणका साथै बझाङ्ग, बाजुरा, अछाम र दार्चुलाका सबै पालिकाहरुमा बालविवाह र छाउपडी प्रथा विरुद्धको अभियान संचालन गर्न रु. २ करोड ५७ लाख ७६ हजार विनियोजन गरेको छु ।

९४. विपन्न परिवारमा नयाँ जन्मिने बालिकाको लिङ्गको आधारमा हुने विभेदको अन्त्य गर्दै सम्मानित जीवन र बालअधिकारको सुनिश्चितता गर्न बालिका स्वास्थ्य बीमा

कार्यक्रम संचालन गरिनेछ र सोको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

९५. गर्भवती महिला, दुर्घटनामा परेका व्यक्ति र अन्य विरामीलाई नियमित र आकस्मिक रुपमा आवश्यक पर्ने रगत नेपाल रेडक्रस सोसाइटी धनगढी शाखाबाट निःशुल्क आपूर्तिको व्यवस्था गर्न उक्त सोसाइटीलाई आवश्यक पर्ने पूर्वाधार निर्माणका लागि अनुदानको व्यवस्था मिलाएको छु ।

९६. प्रदेश सरकारले सम्पादन गर्ने सामाजिक क्षेत्रसँग सम्बन्धित कार्यहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा प्रदेशका ९ वटै जिल्लामा सामाजिक विकास कार्यालयहरु स्थापना गर्न कार्यालयहरुको संचालन तथा व्यवस्थापन खर्चका लागि २ करोड ७० लाख रकम विनियोजन गरेको छु।

९७. आगामी आर्थिक वर्षमा व्यवसायिक सीप विकास तालिम केन्द्र मार्फत २५ सय ७७ जना व्यक्तिलाई विद्युत जडान, मेसन, प्लम्बिंग, केश श्रृङ्गार, सिलाई कटाई, मोटरसाइकल मर्मत, इलेक्ट्रोनिक्स तथा मोबाइल मर्मत, कार्पेन्टर, फेशन डिजाइन, हाते कडाई, अल्मुनियम फ्याब्रिकेटर, वेल्डिंग, नेल आर्ट तथा मेहन्दी, डल तथा कुशन, हाते होजियारी, सिलाई मेसिन मर्मत र तरकारी खेती सम्बन्धी तालिम प्रदान गर्न रु. ४ करोड ३ लाख विनियोजन गरेको छु।

९८. कार्यस्थलमा कामदारको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रशिक्षण, परामर्श तथा उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९९. कैलाली जिल्लाको धनगढीमा दुई हजार क्षमताको सभा भवनको निर्माण, जग्गा प्राप्ति र अध्ययनको कार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय**

**अब म भूमि व्यवस्था कृषि तथा सहकारी** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१००. संघीय सरकारको भूमि व्यवस्था सम्बन्धी कानूनसँग तादाम्यता हुने गरी प्रदेशको भू-उपयोग नीति तयार गर्ने एवं कृषि तथा पशुपंक्षी विकास गुरुयोजना तयार गरी आगामी आर्थिक वर्षदेखि लागु गरिनेछ ।

१०१. **"नमूना कृषि गाउँ आफैं बनाऊँ"** भन्ने अभियानका साथ नागरिकको खाद्य तथा पोषण सुरक्षाको हकलाई सुनिश्चित गर्न मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमलाई थप विस्तार गरी सहकारी तथा निजी क्षेत्रको सहयोगमा बेरोजगार जनशक्तिलाई कृषि उत्पादनतर्फ प्रोत्साहन गर्दै, जग्गाको चक्लावन्दी, कृषिको व्यवसायीकरण र आधुनिकीकरण मार्फत कृषिको उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम संचालन गर्न रू. ६० करोड विनियोजन गरेको छु।

१०२. कोभिड-१९ संक्रमणको प्रभावबाट स्वदेश एवं विदेशमा रोजगारी गुमाएका नागरिकलाई लक्षित गरी कृषि तथा पशुपंक्षी विकास कार्यक्रम मार्फत स्वरोजगार बनाउन रु. १५ करोड विनियोजन गरेको छु।

१०३. संघीय सरकार एवं स्थानीय तहसंगको समन्वय र सहकार्यमा कृषि क्षेत्रमा लागेका कृषक एवं साना किसानहरुबाट उत्पादित वस्तुको लागत घटाई खुला बजारमा प्रतिष्पर्धा गर्ने क्षमता अभिवृद्धि गर्न विउ, मल, कृषि ऋणको ब्याज अनुदान र कृषि यन्त्र तथा उत्पादन सामग्रीको आयातमा भन्सार शुल्कमा सहुलियत प्रदान गर्न रू. ६ करोड विनियोजन गरेको छु।

१०४. नेपाल विद्युत् प्राधिकरणको साझेदारीमा ग्रामीण उत्पादन स्थलमा कृषि सिँचाई सुविधा विस्तारको लागि विद्युतीकरण कार्यक्रम संचालन गर्न रु. १ करोड र कृषि मिटर नपाएका कृषि उद्योग र व्यवसाय गर्ने कृषकको लागि कृषि मिटरको विद्युत् महशुलमा अनुदान दिन रु. २ करोड गरी कुल रु. ३ करोड विनियोजन गरेको छु ।

१०५. प्राकृतिक प्रकोप (आगलागी, चट्याङ्ग, भूकम्प, बाढी, डुबान, खडेरी, पहिरो, भू-स्खलन, आँधिबेहरी, असिना, हिउँ, तुषारो, कीरा तथा रोगबाट हुने हानी नोक्सानी आदिबाट कृषि तथा पशुपंक्षीको क्षेत्रमा हुने हानी नोक्सानीमा जोखिम

न्यूनीकरणका गर्न विपन्न परिवारको लागि बाली बीमा र पशुधन बीमाको प्रिमियममा अनुदान प्रदान गर्न रू. ६ करोड रूपैंया बजेट विनियोजन गरेको छु।

१०६. गरिब तथा विपन्न वर्ग पहिचान गरी सुरक्षित आवासको व्यवस्थापन गर्न "मुख्यमन्त्री एकीकृत वस्ती विकास कार्यक्रम" लाई निरन्तरता दिईनेछ। आगामी आर्थिक वर्षमा मेल्लेख गा.पा. ६, अछाम, धुर्जन्ना सिविर र भुरुवा राजीवस्ती भजनी, कैलाली, कञ्चनपुरको बेदकोट र डोटीको दिपायलमा ८० वटा घर निर्माण गरी वितरण कार्य सम्पन्न गरिनेछ। जसका लागि रु. ५ करोड विनियोजन गरेको छु।

१०७. प्रदेशस्तरमा पशुपंक्षी रोग नियन्त्रण सहयोग कार्यक्रम अन्तर्गत खोप, सिरिन्ज, निडल, कोल्डचेन, लजिष्टिक व्यवस्थापन रोग नियन्त्रण तथा खोप कार्यक्रमहरु संचालन गर्नको लागि रु. ४ करोड विनियोजन गरेको छु ।

१०८. साना डेरी तथा उद्योगहरुमा पाश्चराइजर प्याकेजिङ मेसिन, चिलिङ भ्याट, मिल्क एनालाइजर यान्त्रीकरण अनुदान सहयोग कार्यक्रमका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

१०९. आवश्यकताका आधारमा कृषि तथा पशुपंक्षी विकास सहयोग कार्यक्रमलाई निरन्तरता दिन रु. २ करोड विनियोजन गरेको छु ।

११०. कृषि खेतीको साथै सिँचाई र पशु चिकित्सामा समेत सहयोग पुग्ने गरी समुदायमा आधारित कृषि यान्त्रीकरण सहयोग कार्यक्रम संचालन गर्न कम्बाइन्ड हार्भेस्टर सहितको उपकरण तथा मेशिनरी औजार खरिदको लागि रु. ५ करोड विनियोजन गरेको छु ।

१११. पुनर्वास नगरपालिका कंचनपुर, भजनी नगरपालिका कैलाली, चुरे गाउँपालिका कैलाली, आलिताल गाउँपालिका डडेल्धुरा, दशरथचन्द नगरपालिका बैतडी, महाकाली नगरपालिका दार्चुला, दिपायल-सिलगढी नगरपालिका डोटी, जोरायल गाउँपालिका डोटी, बडीमालिका नगरपालिका बाजुरा र साँफेबगर नगरपालिका अछाममा कोल्ड च्याम्बर निर्माण, संचालन तथा हस्तान्तरण कार्यको लागि रु. ६ करोड विनियोजन गरेको छु ।

११२. अछाम र डोटी जिल्लामा वृहद् उत्पादनस्थल छनौट गरी सिँचाई, विद्युत, संकलन केन्द्र, मेशिनरी जस्ता पूर्वाधार निर्माण कार्यक्रमको लागि रु. १ करोड ४० लाख विनियोजन गरेको छु ।

११३. पशुपंक्षी तथा मत्स्य सम्बन्धी यान्त्रीकरण सहयोग कार्यक्रम मार्फत कृषि खेतीका साथै सिँचाई, पशु चिकित्सा, मेशिन उपकरणमा पचास प्रतिशत अनुदान प्रदान गर्नको लागि रु. २ करोड विनियोजन गरेको छु ।

११४. गोदावरी नगरपालिका र टिकापुर नगरपालिकामा बधस्थल सुधार, निर्माण तथा संचालन कार्यक्रम संचालन गर्न १ करोड ४० लाख विनियोजन गरेको छु। निर्माण, संचालन तथा हस्तान्तरण विधि मार्फत पशुपंक्षी बजार विकास आयोजना संचालनको लागि रु. १ करोड ६० लाख विनियोजन गरेको छु ।

११५. लामो समयसम्म राज्यको मूलधारबाट पछाडि परेका वा पारिएका भूमिहीन, विपन्न, सीमान्तकृत, मुक्त कमैया, कमलरी, दलित, हलिया, राजी, राउटे, बादी आदि वर्गको उत्थान एवं विकास गर्दै दीगो आयआर्जन र जीविकोपार्जनको कार्यक्रम संचालन गरिनेछ। जसका लागि रु. ५ करोड विनियोजन गरेको छु।

११६. सहकारीलाई विकासको मूल आधार बनाउँदै **"एक स्थानीय तह, एक कृषि उपज उत्पादन"** कार्यक्रम अन्तर्गत मूल्य श्रृंखलामा आधारित कृषि व्यवसाय संचालन गर्न र उत्पादित कृषि उपज भण्डारणका लागि भवन निर्माण साथै एकीकृत कृषि बजार निर्माण गर्न सहकारी संस्थालाई रू. ८ करोड ९० लाख अनुदान दिने व्यवस्था गरेको छु।

११७. सडकमा छोडिएका पशुको कारण सडक दुर्घटना र शहरी सौन्दर्यमा परेको असर कम गर्न स्थानीय तहसँगको सहकार्यमा पशु कल्याण प्रवर्धनका लागि सामुदायिक गौशाला व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ। जसका लागि रु. १ करोड विनियोजन गरेको छु।

११८. कृषियोग्य भूमिलाई सिंचाई प्रणालीसँग आवद्ध गरी भूमिको उत्पादकत्व वृद्धि गर्न कैलाली र कञ्चनपुर जिल्लामा क्रियाशील कृषक, कृषक समुह, कृषि सहकारी आदिलाई १ हजार थान स्यालो ट्युबेल वितरण गर्नका लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु।

११९. मन्त्रालय अन्तर्गतको मत्स्य विकास केन्द्रको भवन निर्माण रु. ७५ लाख र कैलाली जिल्लामा समुदायमा आधारित कुखुरा ह्याचरी तथा ब्रुडिङ सेन्टर निर्माणमा सहयोगको लागि रु. ५० लाख रूपैया बजेट विनियोजन गरेको छु।

१२०. स्थानीय सरकारसँगको समन्वय, सहकार्य एवं लागत साझेदारीमा भैंसीको व्यवसायिक फार्म स्थापना गरी सुधारिएको नश्ल सहितको दुधालू भैंसी उत्पादन गर्नका लागि रु. २ करोड विनियोजन गरेको छु र पशु नश्ल सुधारका लागि रेफ्रि,

कन्टेनर, कृत्रिम गर्भाधान गन, थैङ कीट खरिदको लागि रु. १ करोड विनियोजन गरेको छु ।

१२१. कृषि बाली एवं पशु रोगको निदान गर्न प्रदेशस्तरमा एम्बुलेटरी क्लिनिक सहितको प्रादेशिक विज्ञ सहितको भेटेरीनरी परामर्श अस्पताल र बाली संरक्षण एम्बुलेन्स व्यवस्थापन गरी संचालनमा ल्याउन रू. २ करोड विनियोजन गरिएको छ।

१२२. स्थानीय तहसँगको समन्वयमा प्रदेशभित्रका सम्पूर्ण सरकारी, सार्वजनिक र गुठी जग्गाको अभिलेख तयार गरी संरक्षण र उपयोगका लागि बजेटको व्यवस्था गरीएको छ। सार्वजनिक र गुठी जग्गाको लगत तथा उपयोग सम्वन्धी मार्गचित्र वनाउनुका साथै उपभोग विहिन सार्वजनिक जमिनमा व्यवसायिक खेतीका लागि रू. २ करोड विनियोजन गरेको छु।

१२३. कृषिको उत्पादकत्व वृद्धि तथा जलवायु परिवर्तन अनुकुलन गर्न जलवायु मैत्री कृषि प्रणाली विकास गरी आयोजनाको रूपमा संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१२४. कृषि उपजको उत्पादन लागत घटाई उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्न आधुनिक प्रविधियुक्त कृषि प्रणालीको विकासका लागि कृषि तथा पशुपन्छी यन्त्रीकरण कार्यक्रम संचालन गरिनेछ। जसका लागि रू. ५ करोड विनियोजन गरेको छु।

१२५. नगदे वालीको रुपमा रहेको उखु खेतीको क्षेत्र विस्तार गरी व्यवसायिक उखु खेती प्रोत्साहन गर्न तथा उखुको उत्पादन लागत घटाउन प्रदेशमा पहिलो पटक कंचनपूर जिल्लाको उखुखेती गर्ने क्षेत्रमा सरोकारवालाहरुको साझेदारीमा अत्याधुनिक उखु हार्भेष्टर मेशिन खरिद गर्नका लागि रू. १ करोड विनियोजन गरेको छु।

१२६. प्रदेशका ९ वटै जिल्लामा कृषि उपजको भण्डारण र बजारीकरणमा सहयोग पुर्‍याई कृषिमा व्यवसायीकरण गर्ने उद्देश्य साथ निर्माण, संचालन र हस्तान्तरण विधिबाट एकीकृत कृषि बजार निर्माण गर्ने कार्यलाई निरन्तरता दिंदै आगामी आर्थिक वर्षमा सम्पन्न गर्नका लागि रु. ५ करोड ४० लाख विनियोजन गरेको छु।

१२७. कृषि क्षेत्रको एकीकृत विकासबिना कृषि उत्पादन वृद्धि गर्न कठिन भैरहेको अवस्थामा सिंचाई, विद्युत, कृषि सडक, संकलन केन्द्र, प्रशोधन व्यवस्थापन तथा मेसिनरी आदिको समुचित प्रबन्ध मार्फत मध्य पहाडका ७ वटा जिल्लाहरुमा बृहत

उत्पादन स्थल छनौट गरी कृषि उत्पादन पूर्वाधार निर्माण गर्नका लागि रु. ५ करोड ६० लाख विनियोजन गरेको छु।

१२८. वालीवस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न बीउ उत्पादन, प्रशोधन र बजारीकरणको लागि प्रतिफलमा आधारित प्रोत्साहन अनुदानका लागि रू. १० करोड विनियोजन गरेको छु। प्रत्येक स्थानीय तहमा वीउ श्रोतकेन्द्र, चिस्यान केन्द्र र मूल्य श्रृंखलामा आधारित कृषि व्यवसायको विकास गर्दै रोजगारीको श्रृजना गर्न थप रू. १० करोड बजेट विनयोजन गरेको छु।

१२९. प्रदेश भित्र सम्भाव्यताका आधारमा व्यवसायिक फलफूल खेती, बगैंचा र नर्सरी स्थापनाका लागि अनुदान प्रदान गर्न रू. ३ करोड विनियोजन गरेको छु। सुन्तला जातका फलफूल बगैंचा पुनर्स्थापना तथा ह्यास नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गर्नका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु।

१३०. प्रदेशको खाद्य सुरक्षा कवच निर्माणमा सहयोग पुऱ्याउन ९ वटै जिल्लामा साना सिंचाई कार्यक्रमका साथै सिंचित क्षेत्र वृद्धि गरी कृषि वालीवस्तुको उत्पादकत्व वृद्धि गर्न साना तथा मझौला र लिफ्ट सिंचाई मर्मत सम्भारका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१३१. "कृषकसँग कृषि विद्यार्थी कार्यक्रम" संचालन गरी कृषि अध्ययनसँगै आयआर्जन तथा प्रसारलाई थप टेवा प्रदान गर्नको लागि रू. १ करोड विनियोजन गरेको छु। टिकापुर कृषि क्याम्पस, गोकुलेश्वर कृषि क्याम्पस तथा अन्य कृषि क्याम्पससँगको साझेदारी एवं सहकार्यमा अनुसन्धान, प्रसार र विकास कार्यक्रम संचालन गर्ने प्रस्ताव गरेको छु।

१३२. सामुदायिक वन उपभोक्ताहरूको सहकार्यमा सामुदायिक तथा कवुलियती वन क्षेत्रमा कृषिवन, जटिवुटी उद्योग तथा उद्यमशीलता विकास कार्यक्रम संचालनको शुरूवातका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३३. खाद्य तथा पोषण सुरक्षाका लागि ग्रामीण तथा स्थानीय कुखुरा प्रवर्धन गर्न ९ वटै जिल्लामा कुखुराको चल्ला उत्पादन गर्ने नमुना ग्रामिण ह्याचरी स्थापना तथा विपन्न गरीव परिवार तथा पर्यटन क्षेत्रमा ग्रामिण कुखुरा पालन सहयोगका लागि रू. २ करोड विनियोजन गरेको छु।

१३४. व्यवसायिक रूपमा कृषि उत्पादन तथा पशुपन्छी पालन गरी बजारमा विक्री वितरण भएको परिमाण र प्रतिफलमा आधारित भई अनुदान प्रदान गर्ने कार्यक्रमका लागि रू. ५ करोड विनियोजन गरेको छु।

१३५. व्यवसायिक कृषि तथा पशुपन्छी पालन अन्तर्गत कृषि उद्यमको विकासका लागि कृषि व्यवसाय प्रवर्धन तथा तालिम केन्द्र र पशु सेवा तालिम केन्द्रका कृषि उस्मायन केन्द्र स्थापनाका लागि रू. २ करोड ५० लाख विनियोजन गरेको छु।

१३६. संघ, प्रदेश तथा स्थानीय तह सँगको सहकार्यमा व्यवसायिक दुग्ध प्रवर्धन आयोजना, अन्तर्गत व्यवसायिक गाई, भैंसी पालन प्रवर्धन, मध्य पहाडी लोकमार्गमा दूध उत्पादन, मासु उत्पादनका लागि वाख्रा, ग्रामिण कुखुरा, वंगुर तथा पाडा पालन कार्यक्रम संचालनका लागि रू. २० करोड विनियोजन गरिएको छ।

१३७. दुधालू गाई भैंसी प्रवर्धन कार्यक्रम मार्फत दूध उत्पादन वृद्धि, बजारीकरण र वितरण प्रणाली सुधारका लागि दुग्ध विकास संस्थानको सुदृढीकरणका लागि दुग्ध संकलन केन्द्र, चिस्यान केन्द्र, संरचना सुधार र ढुवानी साधन खरिदका लागि रू. ४ करोड वजेट विनियोजन गएको छु।

१३८. पशु स्वास्थ्य तथा जुनोसिस नियन्त्रण आयोजना अन्तर्गत ९ वटै जिल्लाको लागि पशुपन्छी उपचार, आकस्मिक रोगव्याध नियन्त्रण तथा संघीय सरकार संगको सहकार्यमा निशुल्क पशुपन्छी रोग विरूद्धका खोपको लागि रू. ४ करोड विनियोजन गरेको छु।

१३९. बृहत घाँस विकास आयोजना मार्फत घाँसमा आधारित पशुपालनका लागि घाँसको विउ उत्पादन करार खेती, एकवर्षे, वहुवर्षे घाँसको नर्सरी र घाँसेवाली श्रोतकेन्द्र स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४०. व्यवसायिक मत्स्यपालन मार्फत माछामा प्रदेशलाई आत्मनिर्भर वनाउनका लागि मत्स्य विकास फार्म गेटाको क्षमता विकास गरी प्रदेशका लागि आवश्यक भुराको उत्पादन, कैलाली र कन्चनपुर जिल्लामा १५० हेक्टर नयाँ पोखरी निर्माणका साथै प्राकृतिक जलाशयमा माछाको उत्पादकत्व वृद्धिका लागि रू. ६ करोड विनियोजन गरेको छु ।

१४१. आगामी आर्थिक वर्षमा व्यवसायिक रूपमा खेती तथा पशुपालन गर्ने कृषकहरूको लागि अनुदान उपलव्ध गराउँदा भौचर प्रणाली मार्फत भुक्तानी गर्ने कार्यको प्रत्येक जिल्लामा शुरूवात गरीने छ ।

**माननीय सभामुख महोदय**

अब म **भौतिक पूर्वाधार विकास मन्त्रालय** तर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१४२. प्रदेशको विकासलाई योजनाबद्ध, लागत प्रभावी, परिणाममूखी र दीगो बनाउनका निमित्त प्रदेशमा आगामी आर्थिक वर्षमा खानेपानी गुरुयोजना, सिंचाई गुरुयोजना, भूमिगत जलस्रोत गुरुयोजना, नदी नियन्त्रण गुरुयोजना र यातायात गुरुयोजना तयार गर्नका लागि रु. २ करोड ८५ लाख बजेट विनियोजन गरेको छु ।

१४३. प्रदेश सरकारबाट ३ मेगावाट भन्दा बढी क्षमताका २ वटा जलविद्युत आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य चालु आर्थिक वर्षमा सम्पन्न गरिनेछ। विस्तृत परियोजना प्रतिवेदनको आधारमा नौगाड र सुर्नाया गाड गरी दुईवटा जलविद्युत आयोजनाको निर्माण कार्य प्रारम्भ गर्नुका साथै आगामी आर्थिक वर्षमा थप २ वटा आयोजनाहरुको विस्तृत सम्भाव्यता र एउटा आयोजनाको पूर्व सम्भाव्यता अध्ययन गरिनेछ। जसका लागि रु. ५ करोड ८० लाख विनियोजन गरेको छु।

१४४. सुदूरपश्चिम प्रदेशवासीलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान वैकल्पिक ऊर्जातर्फ सोलार प्रणालीको समेत उपयोग गरिनेछ। **"प्रदेशका गाउँ उज्यालो बनाउँ"** कार्यक्रम अन्तर्गत सौर्य उर्जाका विस्तृत परियोजना अध्ययन सम्पन्न भएका गराजु डोटी, बिनाबत्थी बैतडी र छयला बझाङ्गमा गरी ३ वटा आयोजना कार्यान्वयन गर्न रु. ७ करोड विनियोजन गरेको छु । उक्त आयोजनाहरु कार्यान्वयनबाट १०० किलोवाट विद्युत उत्पादन हुने, कार्वन उत्सर्जन घट्ने र स्वच्छ उर्जामा पहुँच वृद्धि हुनेछ।

१४५. खानेपानीको सुविधाबाट बञ्चित रहेका प्रदेशवासीलाई सफा र स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन खानेपानी संरचना निर्माणका लागि ९ वटै जिल्लामा रु. ९७ करोड विनियोजन प्रस्ताव गरेको छु, जसबाट ११० वटा योजना (स्कीम) सम्पन्न भई थप २४,८०० जनसंख्यालाई स्वच्छ खानेपानी उपलब्ध भएको हुनेछ।

१४६. संघीय सरकारको सहकार्यमा कञ्चनपुरको बेदकोट भावर क्षेत्र खानेपानी सुधार कार्यक्रम र बैतडीको मेलौलीमा मेलौली लिफ्ट खानेपानी योजना संचालन गरी

खानेपानी सुविधाबाट बन्चित नागरिकहरुलाई सफा र स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन रु. १० करोड ५० लाख विनियोजन गरेको छु।

१४७. सिंचाई सुविधाको अभावको कारण भूमिको उर्वरा शक्ति एवं कृषि उत्पादनमा हुने कमी पूर्ति गर्न तराई तथा भित्रि मधेशका जिल्लाहरुमा डिप टयुवेल र स्यालो टयुवेल, पम्प तथा एसेसरिज र ओभरहेड टयांक निर्माण गरी वितरण प्रणालीलाई प्रभावकारी बनाईनेछ। जसका लागि रु. १८ करोड ३१ लाख विनियोजन गरेको छु।

१४८. तराईको सिंचित हुन बाँकी भू-भागमा सिँचाइको सुविधा तथा विद्युत उत्पादनको लागि ठूलीगाड-खुटिया-डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन आगामी आर्थिक वर्षमा सम्पन्न गर्नका लागि रु. १ करोड विनियोजन गरेको छु।

१४९. कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराई प्रदेशको प्रमुख आर्थिक आधारको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रस्तावित बजेटको कार्यान्वयनबाट १२५ वटा योजना निर्माण सम्पन्न भई २०८० हेक्टर क्षेत्र थप सिँचित हुने र ८९० हेक्टर क्षेत्रमा वर्षै भरि सिँचाइ सुबिधा उपलब्ध भई १०,८४७ मेट्रिक टन बाली उत्पादनमा वृद्धि भएको हुनेछ। जसका लागि ९ वटै जिल्लामा सिंचाईतर्फ रु. १ अर्ब ४१ करोड विनियोजन गरेको छु ।

१५०. बनहरा, चौधर र जोगबुडा नदी कन्चनपुर, कान्द्रा नदी कैलाली र रंगुन नदी डडेल्धुरा लगायत प्रदेशका विभिन्न नदीजन्य प्रकोप न्यूनीकरण तथा व्यवस्थापनको लागि उपयुक्त प्रविधिको प्रयोग गरी नदी नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ । यस कार्यका लागि रु. ४४ करोड विनियोजन गरेको छु ।

१५१. सिंचाई प्रणालीको विस्तार गरी खेतीयोग्य भूमिको उत्पादकत्व वृद्धि गर्न ९ वटै जिल्लामा नमूना लिफ्ट सिंचाई प्रणाली विकास गरिनेछ। जसका लागि रु. ६ करोड ८० लाख विनियोजन गरेको छु ।

१५२. प्रदेश यातायात सेवा संचालन मार्फत प्रदेशवासीलाई सुरक्षित, भरपर्दो, सुलभ र आरामदायी यातायात सेवा उपलब्ध गराउन उपयुक्त प्रणालीको सम्बन्धमा

भइरहेको अध्ययन चालु आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ । आगामी आर्थिक वर्षमा प्रदेश यातायात प्राधिकरण गठन गरी प्रदेश यातायात सेवा संचालन र क्रमशः विस्तार गर्दै लगिनेछ । आगामी आर्थिक वर्षमा यस कार्यका लागि रु. ६ करोड बजेट विनियोजन गरेको छु ।

१५३. प्रदेशको कमजोर पूर्वाधारको कारण विकासको मूल प्रवाहबाट बन्चितिकरणमा परेका यस प्रदेशका जनताको आवतजावत सहज बनाउन, कृषि उत्पादन र बजारीकरणलाई सहयोग पुऱ्याउन, सहज पर्यटकीय क्रियाकलाप संचालन गरी समग्र प्रदेशको विकास गर्न सडक संजाल अत्यावश्यक रहेको हुँदा विभिन्न जिल्लामा समपूरक अनुदान तर्फका सडक आयोजनाहरु तथा रणनीतिक महत्वका सडकहरु निर्माणका लागि रु. ४ अर्ब ७२ करोड विनियोजन गरेको छु । उक्त बजेटको कार्यान्वयनबाट १८० कि.मी. कच्ची, १३४ कि.मी. सडक स्तरोन्नति, २१४ कि.मी. पक्की गरी जम्मा ५२८ कि.मी. सडक निर्माण, ११ वटा सडकपुल निर्माण र २२ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भई यातायात सुबिधा विस्तार भएको हुनेछ। बनहरा, चौधर र जोगबुडा नदी कन्चनपुर, कान्द्रा नदी कैलाली र रंगुन नदी डडेल्धुरा लगायत प्रदेशका विभिन्न नदीजन्य प्रकोप न्यूनीकरण तथा व्यवस्थापनको लागि उपयुक्त प्रविधिको प्रयोग गरी नदी नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ । यस कार्यका लागि रु. ४४ करोड विनियोजन गरेको छु ।

१५४. सिंचाई प्रणालीको विस्तार गरी खेतीयोग्य भूमिको उत्पादकत्व वृद्धि गर्न ९ वटै जिल्लामा नमूना लिफ्ट सिंचाई प्रणाली विकास गरिनेछ। जसका लागि रु. ६ करोड ८० लाख विनियोजन गरेको छु ।

१५५. प्रदेश यातायात सेवा संचालन मार्फत प्रदेशवासीलाई सुरक्षित, भरपर्दो, सुलभ र आरामदायी यातायात सेवा उपलब्ध गराउन उपयुक्त प्रणालीको सम्बन्धमा भइरहेको अध्ययन चालु आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ । आगामी आर्थिक वर्षमा प्रदेश यातायात प्राधिकरण गठन गरी प्रदेश यातायात सेवा संचालन र क्रमशः विस्तार गर्दै लगिनेछ । आगामी आर्थिक वर्षमा यस कार्यका लागि रु. ६ करोड बजेट विनियोजन गरेको छु ।

१५६. प्रदेशको समग्र भौतिक विकासको मेरुदण्डको रुपमा रहेको रणनीतिक महत्व राख्ने ९ वटा सडकहरुलाई प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका रुपमा कार्यान्वयनमा लगेको छ । प्रदेश गौरवका सडक आयोजनाहरुलाई आगामी आर्थिक वर्षमा तीव्र रुपले अगाडी वढाउन यथेष्ठ सहयोग पुग्ने गरी बजेट विनियोजन गरेको छु।

१५७. सहरी विकास तथा भवन कार्यालय मार्फत सरकारी तथा सामुदायिक भवन, अन्य सार्वजनिक निर्माण र ढल निकास तथा सरसफाई संरचना निर्माण गर्न रु. २५ करोड २५ लाख विनियोजन गरेको छु।

## माननीय सभामुख महोदय

अब म **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** तर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१५८. प्रदेश सरकारबाट स्थापित संस्थागत संरचनाको थप सुदृढीकरण गर्दै जाने नीति अख्तियार गरिएको छ। आगमी आर्थिक वर्ष प्रदेश लोक सेवा आयोग, प्रदेश अनुसन्धान ब्युरो लगायत बाँकी रहेका संरचनाको स्थापना गरिनेछ। यस कार्यका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

१५९. प्रदेश सरकारलाई आवश्यक पर्ने संगठन संरचना र जनशक्तिको आँकलन गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न हुनेछ। जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६०. निजामती कर्मचारीका सन्ततिलाई सहुलियत दरमा गुणस्तरीय शिक्षा प्रदान गर्न डोटीमा स्थापित निजामती सन्तती आवासीय विद्यालयको संचालन अनुदानलाई निरन्तरता दिंदै सुविधा सम्पन्न विद्यालय भवन निर्माणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। जसका लागि रु. २ करोड ४२ लाख विनियोजन गरेको छु।

१६१. प्रदेश सभाले तोकेको स्थानमा राजधानी निर्माणको कार्य अगाडी बढाउन चालु आर्थिक वर्षमा राजधानी पूर्वाधार विकास समिति गठन भएको छ। राजधानी पूर्वाधार विकास कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षका लागि संचालन अनुदान  र वातावरणीय प्रभाव मूल्यांकन, विस्तृत परियोजना प्रतिवेदन

लगायतको कार्य गर्न पूँजीगत अनुदान समेत कुल रु. २ करोड ७४ लाख विनियोजन प्रस्ताव गरेको छु।

१६२. दार्चुला जिल्लाको सिमावर्ती ब्यास गाउँपालिकामा संघीय सरकार र स्थानीय तहको समन्वयमा सडक, पुल, खानेपानी लगायतका भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य जस्ता सामाजिक विकास र सहज सावर्जनिक सेवा उपलब्ध गराई प्रदेश सरकारको उपस्थितिको अनुभूति सहितको एकीकृत विकास गर्दै जान आगामी आर्थिक वर्षको लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु।

१६३. राष्ट्रिय एवं प्रदेशका विविध क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान एवं पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ। जसका लागि प्रदेश सेवा विभुषण पदक शीर्षकमा आवश्यक रकम विनियोजन गरीएको छ।

१६४. प्रदेशमा समायोजन भएका र नयाँ नियुक्त हुने कर्मचारीहरुको एकीकृत प्रदेश कर्मचारी सूचना व्यवस्थापन प्रणाली निर्माण गरी सोको अभिलेख आगामी आर्थिक वर्षमा व्यवस्थित गरिनेछ। जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म **प्रदेश पूर्वाधार विकास कार्यक्रम**सँग सम्बन्धित कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१६५. प्रदेशका स्थानीय तहवीच साधनस्रोतको वितरण समन्यायिक बनाई पूर्वाधार विकासमा तिब्रता दिन प्रत्येक निर्वाचन क्षेत्रका पूँजीगत प्रकृतिका सडक, पूल, खानेपानी, भवन, सिंचाई आदिमा खर्च गर्न र साविकमा थालिएका पूर्वाधार विकासका बाँकी कार्य सम्पन्न गर्न प्रदेश पूर्वाधार विकास कार्यक्रमका लागि रु. ९६ करोड विनियोजन गरेको छु।

१६६. स्थानीय तहले पहिचान गरी प्रस्ताव गरेका पूर्वाधार विकासका योजना तथा कार्यक्रमहरुमा प्रदेश र स्थानीय तहको सह-लगानीमा समपूरक अनुदानबाट कार्यान्वयन हुने गरी रु. १ अर्ब विनियोजन गरेको छु। प्रस्तावित योजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षको सुरु देखिनै कार्यान्वयनमा जान सक्ने गरी व्यवस्था मिलाएको छु।

१६७. स्थानीय तहले पहिचान गरी माग गरेका विशेष अनुदानबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको लागि रु. ५० करोड बजेट विनियोजन गरेको छु। प्रस्तावित योजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षको सुरु देखिनै कार्यान्वयनमा जान सक्ने गरी व्यवस्था मिलाएको छु।

१६८. विषयगत मन्त्रालयबाट प्रस्तावित सशर्त अनुदानतर्फ विनियोजित कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमा पठाउने व्यवस्था मिलाएको छु। स्थानीय तहमा सशर्त अनुदानका कार्यक्रमहरु हस्तान्तरण एवं कार्यान्वयन सम्बन्धी व्यवस्था विनियोजन विधेयकमा प्रस्ताव गरेको छु।

१६९. प्रदेश सभाको गरिमालाई कायम राख्दै सचिवालय व्यवस्थापन, प्रदेश सभाका विषयगत समितिहरुको सुदृढीकरण लगायत आर्थिक र भौतिक स्रोत साधन सम्पन्न बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म **सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवक** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१७०. कोभिड-१९ को संक्रमण जोखिमको विद्यमान अवस्थामा कार्यस्थलमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सबै राष्ट्रसेवकको योगदानको उच्च मूल्यांकन गरी कोरोना रोकथाम र उपचारको लागि अग्रपंक्तिमा रही काम गर्ने राष्ट्रसेवकहरुलाई प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१७१. आगामी आर्थिक वर्षको लागि अस्थायी, करार लगायत प्रदेशमा कार्यरत सबै राष्ट्रसेवकहरुको रु. १ लाख सम्मको निःशुल्क कोरोना उपचार बीमा गर्ने व्यवस्था मिलाएको छु।

१७२. प्रदेशका निकायमा कार्यरत सबै करार र अस्थायी कर्मचारीहरुलाई आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा कोषसँग समन्वय गरी योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउने व्यवस्था मिलाइने छ।

**माननीय सभामुख महोदय,**

अब म **सुशासन र सार्वजनिक सेवा प्रवाह**सँग सम्बन्धित कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१७३. प्रदेश सरकारले प्रदान गर्ने सार्वजनिक सेवाका सम्बन्धमा जनताका गुनासाहरु सोझै मुख्यमन्त्रीसंग राख्न हेलो सि.एम कार्यक्रमलाई निरन्तरता दिएको छु। यस कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७४. **"म सदाचारी हूँ, सबैलाई सदाचारी हुन प्रेरित गर्दछु"** भन्ने प्रतिज्ञा सहित राजनीतिज्ञ एवं कर्मचारीमा सदाचार एवं सुशासनको कार्य संस्कृति प्रवर्धन गरिनेछ। शासकीय प्रबन्धमा कानूनी राज्यको अवधारणालाई पूर्ण परिपालना गरिनेछ।

१७५. कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको काममा प्रदेश र स्थानीय तहबाट भएका खर्च लगायत अन्य संघ संस्थाले गरेको खर्चको विवरण पारदर्शी बनाइनेछ।

१७६. प्रदेश सरकार अन्तर्गतका निकायहरूबाट सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत, समय र उपलब्धि समेतका सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।

१७७. सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिनेछ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म **सार्वजनिक वित्त व्यवस्थापन** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१७८. राजस्व परिचालनमा आउन सक्ने संकुचन र सार्वजनिक खर्चमा पर्न सक्ने चापलाई व्यवस्थापन गर्न सार्वजनिक खर्चमा मितव्ययिताको नीति अंगिकार गरिनेछ। आगामी आर्थिक वर्षमा सवारी साधन, इन्धन, मर्मत लगायतका अन्य सार्वजनिक सेवाको खरिदमा मापदण्ड बनाई लागु गरिनेछ। कोरोना रोगको रोकथामका सन्दर्भमा अग्रपंक्तिमा रहेर काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका राष्ट्रसेवक बाहेक अरुलाई प्रदान हुने प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता, बैठक भत्ता र जोखिम भत्ता लगायतका सबै प्रकारका भत्ता सम्बत् २०७७ साल साउन १ गते देखि लागु हुने गरी खारेज गरेको छु।

१७९. आगामी आर्थिक वर्ष सार्वजनिक खर्चलाई प्रभावकारी एवम् नतिजामुखी बनाउन सार्वजनिक खर्च प्रणालीमा संलग्न पदाधिकारी एवं कर्मचारीहरूलाई जवाफदेही बनाउने गरी वित्तीय उत्तरदायित्व सम्बन्धी कानून तर्जुमा गरी लागु गरिनेछ।

१८०. प्रदेश सरकार अन्तर्गतका बिभिन्न निकायहरूबाट प्रदान गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आवद्ध गर्दै अनुदानको प्रभावकारिता वृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानून तर्जुमा गरिनेछ।

१८१. प्रदेशमा वित्तीय पहुँच विस्तार गर्न संघीय सरकार र नियामक संस्थाहरूसँगको समन्वय र सहकार्यमा प्रदेशका आम नागरिकलाई आधुनिक वित्तीय प्रणालीसँग आवद्ध गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म **आर्थिक योजना तथा तथ्यांक** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८२. प्रदेशले सञ्चालन गर्ने विकासका क्रियाकलापहरू राष्ट्रिय विकास एवं दीगो विकासका लक्ष्यहरूसँग आबद्ध हुने गरी नीति तथा योजना निकायको संरचनाको रुपमा आगामी आर्थिक वर्ष प्रदेश नीति तथा योजना आयोग गठन हुनेछ । प्रदेशको योजना निकाय गठन र प्रदेशको प्रथम आवधिक योजना तर्जुमा गरी लागु गर्ने कार्यका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१८३. नेपाल सरकार तथा स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी प्रदेशको आर्थिक, सामाजिक लगायतका क्षेत्रको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्नका लागि सूचना व्यवस्थापन प्रणालीको स्थापना तथा विकास गरिनेछ।

१८४. प्रदेशमा रहेका बेरोजगार युवालाई सहुलियत दरमा कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने उद्देश्यले तर्जुमा भएको सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन कार्यान्वयन गर्न स्वरोजगार विकास कोष नियमावली प्रदेश सरकारबाट स्वीकृत भइसकेको छ । उक्त कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक कार्यविधिहरु निर्माणको कार्य चालु आर्थिक वर्षमा सम्पन्न गरिनेछ। आगामी आर्थिक वर्षदेखि स्वरोजगार विकास कोषको संस्थागत संरचना तयार भई सो कोष मार्फत यस प्रदेशका बेरोजगार तथा कोभिड-१९ को संक्रमण लगायतका कारणबाट रोजगारी गुमाएका नागरिकहरुलाई समेत लक्षित गरी कार्यक्रम संचालन गरिनेछ। स्वरोजगार विकास कोषको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न उक्त कोषमा रु. ३५ करोड थप गरी कोषको संचालन र व्यवस्थापन खर्च वापत रु. ५ करोड विनियोजन गरेको छु।

१८५. कोभिड-१९ जस्ता महामारीजन्य रोग संक्रमण रोकथाम एवं नियन्त्रण गर्न भएको बन्दाबन्दीको कारण व्यवसाय गुमाएका उद्यमी एवं नवउद्यमीलाई बैङ्क तथा वित्तीय संस्थासँगको सहकार्यमा साना तथा मझौला व्यवसाय संचालन गर्न आवश्यक पूँजी सहुलियत दरमा उपलब्ध गराउने गरी पुनर्कर्जाको व्यवस्थाका लागि रु. १ अर्व विनियोजन प्रस्ताव गरेको छु ।

१८६. कोभिड-१९ महामारीको रोकथाम, उपचार र नियन्त्रण गरी आम प्रदेशवासीको जीवन रक्षा गर्न क्वारेन्टाइन, राहत, उपचार लगायतका सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाइ स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन आवश्यक स्रोत प्रदेश सरकारको निर्णयको आधारमा सम्बन्धित निकायलाई उपलब्ध गराउने गरी रु. ५० करोड अर्थ विविधको भैपरी आउने साधारण प्रशासन खर्चतर्फ विनियोजन गरेको छु ।

१८७. सन्तुलित विकासको अवधारणालाई मूर्तरुप दिन प्रदेश सरकारबाट कार्यान्वयन गरिने विकासका क्रियाकलापहरूलाई भौगोलिक, आर्थिक, सामाजिक तथा मानवीय दृष्टिले पछाडि परेका क्षेत्र, वर्ग तथा समुदायको उत्थान हुने गरी अगाडि बढाइनेछ।

१८८. प्रदेशमा लगानी अभिवृद्धि तथा विस्तार गर्न लगानीमैत्री वातावरण सिर्जना गरिनेछ। प्रदेशमा भविष्यमा स्थापना हुने प्रदेश सार्वजनिक संस्थानहरुमा प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने शेयर लगानी तथा ऋण लगानी वापत रु. ३० करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म **बजेटको कार्यान्वयन क्षमता सुधार** सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८९. प्रदेशले संचालन गर्ने विकास परियोजना र कार्यक्रमहरुको स्रोत प्रक्षेपण, छनौट र प्राथमिकीकरण गर्ने औजारको रुपमा रहेको मध्यमकालीन खर्च संरचनालाई थप परिष्कृत गर्दै लगिनेछ। आगामी आर्थिक वर्ष प्रदेश परियोजना बैंक निर्माण गरी लागु गरिनेछ।

१९०. बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन प्रदेशका खर्च इकाईसम्म सूचना प्रविधिको प्रयोग विस्तार गर्ने गरी कार्यक्रम संचालन गरिनेछ।

१९१. योजना छनौट र कार्यक्रम स्वीकृतिमा हुने ढिलाई अन्त्य गरी योजना र कार्यक्रमहरु आर्थिक वर्षको शुरुदेखिनै कार्यान्वयनमा जान सक्ने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई खर्च

गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट निकासा हुने व्यवस्था मिलाएको छु।

१९२. प्रादेशिक विकास योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिने नीतिगत समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रत्येक तीन-तीन महिनामा बैठक बस्ने गरी प्रादेशिक विकास समस्या समाधान समिति गठन गरिनेछ। बजेट कार्यान्वयनको क्रममा देखिने समस्या समाधान गर्न आर्थिक मामिला तथा योजनामन्त्रीको संयोजकत्वमा प्रत्येक दुई-दुई महिनामा बैठक बस्ने गरी बजेट कार्यान्वयन अनुगमन निर्देशन समिति गठन गरिनेछ। बजेट कार्यान्वयनमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतलाई समग्र रुपमा जिम्मेवार बनाइनेछ।

१९३. विषयगत मन्त्रालयमा विनियोजन भएको रकम खर्च गर्ने क्रममा थप आर्थिक दायित्व सिर्जना नहुने योजना तथा कार्यक्रमको सम्बन्धमा कार्यविधि, निर्देशिका वा मापदण्ड निर्माण गर्दा सम्बन्धित मन्त्रालयले प्रचलित कानूनको अधिनमा रही त्यस्तो कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागु गर्न सक्ने व्यवस्था मिलाईएको छ।

१९४. प्रदेश सरकारबाट हुने सबै भुक्तानीहरु सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा हुने गरी सिग्यास (Computerized Government Accounting System- CGAS) मार्फत निकासा हुने व्यवस्था गरिनेछ।

१९५. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउँदै आन्तरिक लेखापरीक्षणलाई नतिजामुखी र गुणस्तरीय बनाउन केही ठूला परियोजनाहरुको प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत विस्तृत लेखापरीक्षण गर्ने कार्यको थालनी गरिनेछ।

**माननीय सभामुख महोदय,**

म अब **राजश्व नीति र कर प्रणाली सुधार** सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९६. कोभिड-१९ को संक्रमणको कारणले शिथिल भएको अर्थतन्त्रलाई पुनः गतिशील बनाई आर्थिक क्रियाकलाप बढाउने, प्रदेशमा उद्योग, व्यापार र लगानी बढाउन सहयोग पुग्ने गरी लगानीमैत्री वातावरणको निर्माण गर्ने, प्रदेशका

नागरिकहरुलाई छुट र सहुलियत प्रदान गर्ने गरी निम्न बमोजिम राजश्व नीति र कर प्रणाली सुधार प्रस्ताव गरेको छु।

(क) प्रदेशको अधिकार क्षेत्र अन्तर्गत पर्ने कर तथा गैर-करका थप क्षेत्रहरु पहिचान र विस्तार गरी प्रदेशको आन्तरिक राजश्व परिचालनको दायरा फराकिलो बनाउँदै लैजाने नीति अवलम्बन गरिनेछ।

(ख) गैर-कर राजश्वका दरहरुलाई प्रदेशले प्रदान गर्ने सेवा सुविधासँग आबद्ध गरी समसामयिक, लागत प्रभावी र पारदर्शी बनाउने नीति अवलम्बन गरिनेछ।

(ग) प्रदेश सरकारले लगाउँदै आएको घर जग्गा रजिष्ट्रेसन शूल्क र सवारी साधन करका विद्यमान दरहरुमा उल्लेख्य रुपमा कटौती गरेको छु ।

(घ) प्रदेशको समग्र कृषि क्षेत्र र पर्यटन क्षेत्रलाई प्रोत्साहन गर्न आर्थिक वर्ष २०७७/७८ मा कृषि आयमा लाग्ने कर र पर्यटन शूल्क पूर्णरुपमा छुट हुने व्यवस्था मिलाएको छु ।

(ङ) प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा साझा अधिकार सूचीमा रहेका राजश्वको परिचालन, लेखाङ्कन, बाँडफाँड र प्रतिवेदन गर्न क्षमता अभिवृद्धि सहितका कर प्रणाली सुधारका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु ।

**माननीय सभामुख महोदय,**

१९७. अब म आगामी आर्थिक वर्षको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कुल रू. ३३ अर्व ३८ करोड १३ लाख ४८ हजार बजेट विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रू. १४ अर्व १८ करोड ७८ लाख ६० हजार अर्थात् ४२.५ प्रतिशत, पूँजीगततर्फ रू १६ अर्व ७५ करोड ८४ लाख ८८ हजार अर्थात् ५०.२ प्रतिशत र अन्तरसरकारी वित्त व्यवस्थापन अन्तर्गत रु. २ अर्व १३ करोड ५० लाख अर्थात् ६.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ३० करोड अर्थात् ०.९ प्रतिशत हुने गरी विनियोजनको व्यवस्था मिलाएको छु ।

(ख) आर्थिक वर्ष २०७७/७८ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्व परिचालनबाट रु. ६० करोड ७० लाख ३० हजार, नेपाल सरकारबाट राजश्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रु. ७ अर्ब ८७ करोड ३६ लाख, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट बाँडफाँड भई आर्थिक वर्ष २०७६/७७ मा प्राप्त हुने रोयल्टी वापत रु. ७ करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ८ अर्ब ७ करोड ६८ लाख र चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम समेतबाट प्राप्त हुने रु. १० अर्ब ५९ करोड ३६ लाख ३ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रु. ४ अर्व ३९ करोड ३५ लाख, संघीय सरकारबाट समपुरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. १ अर्ब २६ करोड २९ लाख, विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. ४८ करोड ५० लाख र विकास साझेदारहरुबाट बजेट प्रणाली मार्फत परिचालन हुने सहायता रकम रु. १ करोड ८९ लाख १५ हजार समेत कुल स्रोत प्राप्त हुने अनुमान गरेको छु ।

(ग) अन्तर-सरकारी वित्त व्यस्थापन ऐन, २०७४ को दफा २२ को व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरी सम्मानित सभा समक्ष पेश गरेको छु। आर्थिक वर्ष २०७५/७६ को मन्त्रालयगत प्रगति विवरण पनि यसैसाथ पेश गरेको छु।

**माननीय सभामुख महोदय,**

१९८. आर्थिक वर्ष २०७५/७६ को यथार्थ खर्च, आर्थिक वर्ष २०७६/७७ को संशोधित अनुमान र आर्थिक वर्ष २०७७/७८ को अनुमानित आय व्यय विवरण अनुसूचीमा उल्लेख गरेको छु।

१९९. आर्थिक वर्ष २०७७/७८ मा अन्तर-सरकारी वित्त व्यवस्थापनको माध्यमबाट स्थानीय तहमा हस्तान्तरण हुने समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको विवरण व्यय अनुमानमा खुलाई पेश गरेको छु।

२००. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनबाट महामारी लगायत सबै प्रकारका रोग नियन्त्रण तथा उपचारबाट नागरिकको जीवन रक्षा गरी आर्थिक क्रियाकलापमा बढोत्तरीसँगै आय-आर्जन र रोजगारी अभिवृद्धि मार्फत जनजीविका सहज हुने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि भई खाद्य सुरक्षा सुनिश्चित हुने, शैक्षिक पहुँच अभिवृद्धि हुने, भौतिक पूर्वाधार संरचनाको विकास तथा विस्तार र सार्वजनिक सेवाको सुधार मार्फत सुशासन अभिवृद्धि भई प्रदेशको अर्थतन्त्रमा ७.८ प्रतिशतको आर्थिक वृद्धि हासिल भई समुन्नत र न्यायपूर्ण समाज निर्माणको लक्ष्यमा  महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु।

२०१. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, यस प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरु, माननीय मन्त्रीज्यूहरु, माननीय उपसभामुखज्यू,  प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिज्यूहरु र माननीय प्रदेश सांसदज्यूहरू, विभिन्न राजनीतिक दलका नेतृत्व वर्गप्रति हार्दिक आभार प्रकट गर्दछु ।

२०२. प्रदेश सरकारको नीति तथा कार्यक्रम एवं आर्थिक वर्ष २०७७/७८ को बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति सम्बन्धमा प्रदेश सभामा घनिभूत छलफल भई माननीय सदस्यहरुले दिनुभएका सुझावहरूलाई यस बजेटको आधारको रुपमा लिएको छु । बजेट तर्जुमाका क्रममा आ-आफ्नो तर्फबाट रचनात्मक सुझाव दिनुहुने स्थानीय तहका पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी, विद्धत वर्ग, अर्थशास्त्री, निजी क्षेत्र, नागरिक समाज, सामुदायिक तथा सामाजिक संस्थाहरु, पत्रकार तथा संचारकर्मीहरु र देश विदेशमा रहनु भएका प्रदेशवासी सम्पूर्ण दिदीबहिनी र दाजुभाइहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यो बजेट कायान्वर्यनमा सबैको सार्थक सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद !**

# आय व्ययको विवरण

अनुसूची - १

## आर्थिक बर्ष २०७७/७८

(रू.हजारमा )

| शीर्षक | २०७५/७६ को यथार्थ | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| राजस्व तथा अनुदान | २०,१८,३१,७८ | २७,२६,५१,४९ | ३३,३१,१३,४८ | | | |
| प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व | **७,२७,१७,७७** | **१२,७१,१६,१२** | **१९,०७,४२,३३** | **१९,०७,४२,३३** | | |
| **राजस्व** | **७,२७,१७,७७** | **१२,७१,१६,१२** | **१९,०७,४२,३३** | **१९,०७,४२,३३** | | |
| कर | ६,४२,३०,३९ | ६,५७,१८,३४ | ८,३५,९१,३० | ८,३५,९१,३० | | |
| अन्य राजस्व | ८,८०,५५ | १२,००,०० | १२,१५,०० | १२,१५,०० | | |
| बिबिध प्राप्ति | ७६,०६,८३ | ६,०१,९७,७८ | १०,५९,३६,०३ | १०,५९,३६,०३ | | |
| जम्मा अनुदान | **१२,९१,१४,०१** | **१४,५५,३५,३७** | **१४,२३,७१,१५** | **०** | **१३,७१,७१,००** | **५२,००,१५** |
| **अनुदान** | **१२,९१,१४,०१** | **१४,५५,३५,३७** | **१४,२३,७१,१५** | **०** | **१३,७१,७१,००** | **५२,००,१५** |
| अनुदान | १२,९१,१४,०१ | १४,५५,३५,३७ | १४,२३,७१,१५ | ० | १३,७१,७१,०० | ५२,००,१५ |
| खर्च | **१४,१६,३४,००** | **१६,७४,०२,५७** | **३३,०८,१३,४८** | **१८,८४,४२,३३** | **१३,७१,७१,००** | **५२,००,१५** |
| **चालु** | **६,९३,०७,९२** | **८,५०,४६,४९** | **१६,३२,२८,६०** | **१२,९२,१२,९२** | **३,०१,९६,१०** | **३८,१९,५८** |
| पारिश्रमिक / सुविधा | ७९,९६,३५ | ९६,०४,३० | १,८५,९७,५० | १,७५,००,६१ | १०,९६,८९ | |
| मालसामान तथा सेवाको उपयोग | ३,४५,१३,७६ | २,६९,६८,०५ | ८,५०,१०,३५ | ६,४०,६४,६६ | १,७१,२६,११ | ३८,१९,५८ |
| सहायता (Subsi dy) | ५७,८९,०६ | ७,१९,८२ | १६,१८,२० | १६,१८,२० | | |
| अनुदान | १,८५,०८,७४ | ४,४४,३६,१० | ३,७९,७९,३० | २,६५,८५,४२ | १,१३,९३,८८ | |
| सामाजिक सुरक्षा | २१,७८,६३ | १७,१९,२४ | १८,८१,७२ | १३,२०,७४ | ५,६०,९८ | |
| अन्य खर्च | ३,२१,३८ | १५,९८,९८ | १,८१,४१,५३ | १,८१,२३,२९ | १८,२४ | |
| **पूंजीगत खर्च** | **७,२३,२६,०८** | **८,२३,५६,०८** | **१६,७५,८४,८८** | **५,९२,२९,४१** | **१०,६९,७४,९०** | **१३,८०,५७** |
| पूँजीगत खर्च | ७,२३,२६,०८ | ८,२३,५६,०८ | १६,७५,८४,८८ | ५,९२,२९,४१ | १०,६९,७४,९० | १३,८०,५७ |
| **बजेट बचत (-) न्यून (+)** | **-६,०१,९७,७८** | **-१०,५२,४८,९२** | **-२३,००,००** | **-२३,००,००** | **०** | **०** |
| वित्तीय व्यवस्था | **०** | **-६,८७,११** | **२३,००,००** | **२३,००,००** | **०** | **०** |
| **आन्तरिक वित्तीय सम्पत्ति** | **०** | **०** | **३०,००,००** | **३०,००,००** | | |
| सार्वजनिक संस्थानमा ऋण लगानी | ० | ० | ३,००,०० | ३,००,०० | | |
| अन्य संस्थामा ऋण लगानी | ० | ० | ३,००,०० | ३,००,०० | | |
| संस्थानमा शेयर लगानी | ० | ० | २४,००,०० | २४,००,०० | | |
| **आन्तरिक दायित्व** | **०** | **-६,८७,११** | **-७,००,००** | **-७,००,००** | | |
| वन रोयल्टी संकलन(घटाउने ) | ० | ६,३०,८६ | ६,८२,२० | ६,८२,२० | | |
| खानी रोयल्टी संकलन(घटाउने ) | ० | ७२ | १,५० | १,५० | | |
| पर्वतारोहण रोयल्टी संकलन(घटाउने ) | ० | १,६६ | १,८८ | १,८८ | | |
| जलस्रोत रोयल्टी बाँडफाँड(घटाउने ) | ० | ५३,८७ | १४,४२ | १४,४२ | | |
| **बचत (-) न्यून (+)** | **-६,०१,९७,७८** | **-१०,५९,३६,०३** | **०** | **०** | **०** | **०** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक बर्ष २०७७/७८

अनुसूची -२

(रू.हजारमा )

| शीर्षक | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| कर | ६,४२,३०,३९ | ६,५७,१८,३४ | ८,३५,९१,३० | ८,३५,९१,३० | ० |
| आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर | ० | ० | ० | ० | ० |
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ० | ० | ० | ० | ० |
| ११११४ कृषि आयमा कर | ० | ० | ० | ० | ० |
| सम्पत्ति कर | २२,२५,५१ | २४,००,०० | १९,६०,३० | १९,६०,३० | ० |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | २२,२५,५१ | २४,००,०० | १९,६०,३० | १९,६०,३० | ० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २२,२५,५१ | २४,००,०० | १९,६०,३० | १९,६०,३० | ० |
| वस्तु तथा सेवामा आधारित कर | ६,२०,०४,८८ | ६,३३,१८,३४ | ८,१६,३१,०० | ८,१६,३१,०० | ० |
| मूल्य अभिवृद्धि कर (मू.अ .क.) | ५,८१,०७,१३ | ५,९४,२४,७७ | ७,८७,३६,०० | ७,८७,३६,०० | ० |
| ११४१२ बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त मू.अ.कर | ५,८१,०७,१३ | ५,९४,२४,७७ | ७,८७,३६,०० | ७,८७,३६,०० | ० |
| पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | ३८,९७,७५ | ३८,८३,५७ | २८,८०,०० | २८,८०,०० | ० |
| ११४५१ सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ३८,९७,७५ | ३८,८३,५७ | २८,८०,०० | २८,८०,०० | ० |
| मनोरञ्जन तथा विज्ञापन कर | ० | १०,०० | १५,०० | १५,०० | ० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ५,०० | ५,०० | ५,०० | ० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ५,०० | १०,०० | १०,०० | ० |
| अनुदान | १२,९१,१४,०१ | १४,५५,३५,३७ | १४,२३,७१,१५ | १४,२३,७१,१५ | ० |
| वहुपक्षीय वैदेशिक अनुदान | ० | ० | ० | ० | ० |
| वहुपक्षीय वैदेशिक चालु अनुदान | ० | ० | ० | ० | ० |
| १३२११ अन्तर-सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | ० | ० | ० | ० | ० |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | १२,९१,१४,०१ | १४,५५,३५,३७ | १४,२३,७१,१५ | १४,२३,७१,१५ | ० |
| अन्तरसरकारी अनुदान | १२,९१,१४,०१ | १४,५५,३५,३७ | १४,२३,७१,१५ | १४,२३,७१,१५ | ० |
| १३३११ समानिकरण अनुदान | ७,९२,४७,०० | ७,९५,२४,०० | ८,०७,६८,०० | ८,०७,६८,०० | ० |
| १३३१२ शसर्त अनुदान चालु | ४,४५,४७,४३ | ४,८८,५०,३७ | १,९९,१०,३७ | १,९९,१०,३७ | ० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ० | ० | २,४२,१३,७८ | २,४२,१३,७८ | ० |
| १३३१५ विषेश अनुदान | ४७,८३,३९ | ७५,००,०० | ४८,५०,०० | ४८,५०,०० | ० |
| १३३१६ समपुरक अनुदान चालु | ५,३६,१९ | ९६,६१,०० | ० | ० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | ० | १,२६,२९,०० | १,२६,२९,०० | ० |
| अन्य राजस्व | ८,८०,५५ | १२,००,०० | १२,१५,०० | १०,९५,०० | १,२०,०० |
| सम्पत्तिबाट प्राप्त आय | ९७,१३ | ५,००,०० | ४,००,०० | ४,००,०० | ० |
| भाडा र रोयल्टी | ९७,१३ | ५,००,०० | ४,००,०० | ४,००,०० | ० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ९७,१३ | ५,००,०० | ४,००,०० | ४,००,०० | ० |
| अन्य शुल्क | ० | ० | ० | ० | ० |
| १४१९१ पर्यटन शुल्क | ० | ० | ० | ० | ० |
| वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | ४,६०,४५ | ६,००,०० | ७,००,०० | ६,००,०० | १,००,०० |
| वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | ४,६०,४५ | ६,००,०० | ७,००,०० | ६,००,०० | १,००,०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४,६०,४५ | ६,००,०० | ७,००,०० | ६,००,०० | १,००,०० |
| दण्ड जरिवाना र जफत | ८८,२० | ३०,०० | ७०,०० | ५०,०० | २०,०० |
| दण्ड,जरिवाना र जफत | ८८,२० | ३०,०० | ७०,०० | ५०,०० | २०,०० |
| १४३१२ प्रशासनिक दण्ड,जरिवाना र जफत | ८८,२० | ३०,०० | ७०,०० | ५०,०० | २०,०० |
| विविध राजस्व | २,३४,७७ | ७०,०० | ४५,०० | ४५,०० | ० |
| अन्य राजस्व | २,३४,७७ | ७०,०० | ४५,०० | ४५,०० | ० |
| १४५२९ अन्य राजस्व | २,३४,७७ | ७०,०० | ४५,०० | ४५,०० | ० |
| बिबिध प्राप्ति | ७६,०६,८३ | ६,०१,९७,७८ | १०,५९,३६,०३ | १०,५९,३६,०३ | ० |
| बिबिध प्राप्ति | ७६,०६,८३ | ६,०१,९७,७८ | १०,५९,३६,०३ | १०,५९,३६,०३ | ० |

| शीर्षक | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **नगद तथा मौज्दात** | **७६,०६,८३** | **६,०१,९७,७८** | **१०,५९,३६,०३** | **१०,५९,३६,०३** | **०** |
| ३२१२१ गत वर्षको नगद मौज्दात | ७६,०६,८३ | ६,०१,९७,७८ | १०,५९,३६,०३ | १०,५९,३६,०३ | ० |
| **राजस्व ,अनुदानको जम्मा :** | २०,१८,३१,७८ | २७,२६,५१,४९ | ३३,३१,१३,४८ | ३३,२९,९३,४८ | १,२०,०० |
| **राजस्व बाँडफाँट(-) :** | ० | ० | ० | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व :** | ७,२७,१७,७७ | १२,७१,१६,१२ | १९,०७,४२,३३ | | |
| **कुल राजस्व ,अनुदानको जम्मा :** | २०,१८,३१,७८ | २७,२६,५१,४९ | ३३,३१,१३,४८ | | |

# कार्यगत व्यय अनुमान

## आर्थिक बर्ष २०७७/७८

अनुसूची -३
(रू.हजारमा )

| शीर्षक | जम्मा | प्रदेश | स्थानीय तह | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| **सामान्य सार्वजनिक सेवा** | ८५८८५१० | ६४५३५१० | २१३५००० | २६ |
| कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | १४४८०४१ | १४४८०४१ | ० | |
| सामान्य सेवा | ३००५८६९ | ३००५८६९ | ० | |
| सामान्य आधारभूत  सेवा | १४६७३०० | १४६७३०० | ० | |
| सामान्य अनुसन्धान तथा विकास सेवा | ५३२३०० | ५३२३०० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | २१३५००० | ० | २१३५००० | |
| **सार्वजनिक शान्ति सुरक्षा** | ४६८६०१ | ४६८६०१ | ० | १ |
| सार्वजनिक शान्ति सुरक्षा | ४६८६०१ | ४६८६०१ | ० | |
| **आर्थिक मामिला** | १७५९१३५८ | १७५९१३५८ | ० | ५३ |
| सामान्य आर्थिक, व्यापारिक र श्रम | ३००००० | ३००००० | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ६८४८१७७ | ६८४८१७७ | ० | |
| यातायात | ७३९०५५६ | ७३९०५५६ | ० | |
| अन्य उद्योगहरु | १४१०१९५ | १४१०१९५ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | १६४२४३० | १६४२४३० | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | १५७०५१६ | १५७०५१६ | ० | ५ |
| आवास विकास | ३५२९३५ | ३५२९३५ | ० | |
| खानेपानी | १२१७५८१ | १२१७५८१ | ० | |
| **स्वास्थ्य** | २२९०५६६ | २२९०५६६ | ० | ७ |
| सार्वजनिक स्वास्थ्य सेवा | २२१७३१० | २२१७३१० | ० | |
| अनुसन्धान सेवा | ७३२५६ | ७३२५६ | ० | |
| **शिक्षा** | २८६२८९१ | २८६२८९१ | ० | ९ |
| शिक्षाको लागि सहायक सेवाहरु | २७४४६०९ | २७४४६०९ | ० | |
| शिक्षा अनुसन्धान विकास | ११८२८२ | ११८२८२ | ० | |
| **सामाजिक सुरक्षा** | ८९०६ | ८९०६ | ० | ० |
| बेरोजगार | ८९०६ | ८९०६ | ० | |
| **कुल जम्मा** | ३३३८१३४८ | ३१२४६३४८ | २१३५००० | |

# मन्त्रालयगत व्यय अनुमान(वित्तीय व्यवस्था सहित)
## आर्थिक वर्ष २०७७/७८

अनुसूची ४

(रू.हजारमा )

| | निकाय | जम्मा | प्रदेश | स्थानीय तह | % |
|---|---|---|---|---|---|
| २०२ | प्रदेश व्यवस्थापिका | १९१०६४ | १९१०६४ | ० | .५७२ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १७८९२७७ | १७८९२७७ | ० | ५.३६ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १६४२४३० | १६४२४३० | ० | ४.९२ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २७८१००९ | २७८१००९ | ० | ८.३३१ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३३३३१३२ | ३३३३१३२ | ० | ९.९८५ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४६८६०१ | ४६८६०१ | ० | १.४०४ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ११११०५३०३ | ११११०५३०३ | ० | ३३.२६८ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ६६२६६६३ | ६६२६६६३ | ० | १९.८५१ |
| ५०१ | अर्थ - वित्तीय व्यवस्था | ३०००००० | ३०००००० | ० | .८९९ |
| ६०२ | अर्थ - विविध | ३००८८६९ | ३००८८६९ | ० | ९.०१४ |
| ८०१ | स्थानीय तह | २१३५००० | ० | २१३५००० | ६.३९६ |
| | कुल जम्मा | ३३३८१३४८ | ३१२४६३४८ | २१३५००० | |

# खर्च शीर्षकगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक बर्ष २०७७/७८

अनुसूची -५

(रू. हजारमा)

| शीर्षक | २०७५/७६ को यथार्थ खर्च | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत: संघ अनुदान | अन्य स्रोत: वैदेशिक |
| चालु | ६,९३,०७,९२ | ८,५०,४६,४९ | १६,३२,२८,६० | १२,९२,१२,९२ | ३,०१,९६,१० | १,२४,२६ |
| २१००० पारिश्रमिक / सुविधा | ७९,९६,३५ | ९६,०४,३० | १,८५,९७,५० | १,७५,००,६१ | १०,९६,८९ | ० |
| २११०० पारिश्रमिक / सुविधा | ७९,८६,३८ | ९५,३०,९१ | १,८४,४५,५६ | १,७३,४८,६७ | १०,९६,८९ | ० |
| २१११० नगदमा दिइने पारिश्रमिक र सुविधा | ६३,५९,४२ | ७८,१६,५८ | १,५३,००,८७ | १,४३,६४,०३ | ९,३६,८४ | ० |
| २११११ पारिश्रमिक कर्मचारी | ५७,८४,८५ | ७५,२१,६० | १,४७,३२,६२ | १,३७,९५,७८ | ९,३६,८४ | ० |
| २१११२ पारिश्रमिक पदाधिकारी | ५,७४,५७ | २,९४,९८ | ५,६८,२५ | ५,६८,२५ | ० | ० |
| २११२० जिन्सी वा जिन्सी वापत कर्मचारी दिइने पारिश्रमिक सुविधा | ४,७४,२० | ५,३६,१८ | ९,८५,४२ | ९,६९,६२ | १५,८० | ० |
| २११२१ पोशाक | १,५८,६४ | १,६९,८२ | ३,०६,०० | २,९०,२० | १५,८० | ० |
| २११२२ खाद्यान्न | ३,०८,५६ | ३,६६,३६ | ६,७४,४२ | ६,७४,४२ | ० | ० |
| २११२३ औषधी उपचार खर्च | ७,०० | ० | ५,०० | ५,०० | ० | ० |
| २११३० कर्मचारी भत्ता | १०,७९,३१ | १०,९५,७४ | १९,६५,७४ | १८,५५,५७ | १,१०,१७ | ० |
| २११३१ स्थानीय भत्ता | २,६७,४१ | ३,९२,३१ | ७,४०,६८ | ६,८५,६५ | ५५,०३ | ० |
| २११३२ महंगी भत्ता | ३,२८,२४ | ४,०२,११ | ७,०१,९७ | ६,६५,०१ | ३६,९६ | ० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४४,९६ | ८८,७२ | १,५५,०५ | १,४७,६७ | ७,३८ | ० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ७,२६ | १२,७६ | १,९६ | १०,८० | ० |
| २११३९ अन्य भत्ता | ४,३८,७० | २,०५,३४ | ३,५५,२८ | ३,५५,२८ | ० | ० |
| २११४० पदाधिकारी भत्ता तथा अन्य सुविधा | ७३,४५ | ८२,४१ | १,९३,५३ | १,५९,४५ | ३४,०८ | ० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ६७,७१ | ६८,१७ | १,४२,९० | १,०८,८२ | ३४,०८ | ० |
| २११४२ पदाधिकारी अन्य सुविधा | ५,७४ | ९,१० | २०,६३ | २०,६३ | ० | ० |
| २११४९ पदाधिकारी अन्य भत्ता | ० | ५,१४ | ३०,०० | ३०,०० | ० | ० |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा खर्च | ९,९७ | ७३,३९ | १,५१,९४ | १,५१,९४ | ० | ० |
| २१२१० कर्मचारीको सामाजिक सुरक्षा खर्च | ९,९७ | ५७,१९ | १,५१,९४ | १,५१,९४ | ० | ० |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ० | १४,८६ | २९,३२ | २९,३२ | ० | ० |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | ९,९७ | ४२,३३ | १,२२,६२ | १,२२,६२ | ० | ० |
| २१२२० पदाधिकारी सामाजिक सुरक्षा खर्च | ० | १६,२० | ० | ० | ० | ० |
| २१२२४ पदाधिकारी कल्याण कोष खर्च | ० | १६,२० | ० | ० | ० | ० |
| २२००० मालसामान तथा सेवाको उपयोग | ३,४५,१३,७६ | २,६९,६८,०५ | ८,५०,१०,३५ | ६,४०,६४,६६ | १,७१,२६,११ | १,२४,२६ |
| २२१०० सेवा महसुल | ३,४५,६४ | ४,३२,०५ | ७,९०,७२ | ७,५१,४९ | ३९,२३ | ० |
| २२११० सेवा महसुल | ३,४५,६४ | ४,३२,०५ | ७,९०,७२ | ७,५१,४९ | ३९,२३ | ० |
| २२१११ पानी तथा बिजुली | १,९८,३८ | २,८०,०३ | ५,०७,५३ | ४,७७,८० | २९,७३ | ० |
| २२११२ संचार महसुल | १,४७,२६ | १,५२,०२ | २,८३,१९ | २,७३,६९ | ९,५० | ० |
| २२२०० पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | ७,३९,५५ | ८,८९,६२ | १६,५०,७९ | १५,९४,१५ | ५६,६४ | ० |
| २२२१० सवारी साधनको संचालन तथा सम्भार खर्च | ६,४९,०१ | ६,०१,७८ | १०,७८,९६ | १०,५६,३२ | २२,६४ | ० |
| २२२११ इन्धन (पदाधिकारी) | १,२१,७७ | २९,३४ | ५१,८४ | ५१,८४ | ० | ० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,९५,४७ | २,९१,७१ | ४,६२,०३ | ४,५०,८३ | ११,२० | ० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २,८७,४० | २,१२,६४ | ४,०६,०८ | ३,९९,७३ | ६,३५ | ० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४४,३७ | ६८,०९ | १,५९,०१ | १,५३,९२ | ५,०९ | ० |
| २२२२० मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च | ३४,२१ | ८६,५५ | २,२५,१५ | २,०८,६५ | १६,५० | ० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३४,२१ | ८६,५५ | २,२५,१५ | २,०८,६५ | १६,५० | ० |
| २२२३० निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च | ५६,३३ | १,९०,४३ | ३,३०,१० | ३,२२,२० | ७,९० | ० |

| शीर्षक | २०७५/७६ को यथार्थ खर्च | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत: संघ अनुदान | अन्य स्रोत: वैदेशिक |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५६,३३ | १,९०,४३ | ३,३०,१० | ३,२२,२० | ७,९० | ० |
| **२२२९० अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च** | **०** | **१०,८६** | **१६,५८** | **६,९८** | **९,६०** | **०** |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ० | १०,८६ | १६,५८ | ६,९८ | ९,६० | ० |
| **२२३०० कार्यालय सामान तथा सेवाहरू** | **९,२४,९३** | **६,४१,६९** | **१४,५४,४४** | **१२,५५,२६** | **१,१२,२८** | **०** |
| **२२३१० कार्यालय सामान तथा सेवाहरू** | **९,२४,९३** | **६,४१,६९** | **१४,५४,४४** | **१२,५५,२६** | **१,१२,२८** | **०** |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ७,५२,८३ | ३,७८,२९ | ७,३४,८९ | ७,२४,२३ | १०,६६ | ० |
| २२३१२ पशुपंक्षीहरूको आहार | ८२ | ४,४३ | ८,६५ | १,४५ | ७,२० | ० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | २,१४ | १३,७९ | ४७,४७ | ११,९७ | ३५,५० | ० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २७,९१ | ४८,६० | ९८,६९ | ९३,६३ | ५,०६ | ० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,२८,९४ | १,७४,४१ | ४,२२,२२ | ३,८२,९८ | ३९,२४ | ० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १२,२९ | २२,१७ | १,४२,५२ | ४१,०० | १४,६२ | ० |
| **२२४०० सेवा तथा परामर्श खर्च** | **८,०८,४४** | **१२,१३,०४** | **३०,८३,७४** | **२८,४६,५०** | **२,३७,२४** | **०** |
| **२२४१० परामर्श तथा अन्य सेवा शुल्क** | **८,०८,४४** | **१२,१३,०४** | **३०,८३,७४** | **२८,४६,५०** | **२,३७,२४** | **०** |
| २२४११ सेवा र परामर्श खर्च | ९२,८८ | १,२२,६८ | ७,९६,९९ | ७,९५,९९ | १,०० | ० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ११,७८ | ५८,८५ | १,३३,६८ | १,३१,०० | २,६८ | ० |
| २२४१३ करार सेवा शुल्क | ३,४४,४६ | ९,५७,५२ | १७,९०,१७ | १५,५६,६१ | २,३३,५६ | ० |
| २२४१९ अन्य सेवा शुल्क | ३,५९,३२ | ७३,९९ | ३,६२,९० | ३,६२,९० | ० | ० |
| **२२५०० कार्यक्रम सम्वन्धी खर्चहरू** | **३,०५,६८,३४** | **२,२८,०१,०६** | **७,६४,०१,५६** | **५,६१,०५,०३** | **१,६५,६५,८७** | **१,२२,७९** |
| **२२५१० तालिम तथा गोष्ठी** | **४४,७७,२६** | **३०,४९,१६** | **४४,४५,६७** | **२३,९७,३३** | **१९,०१,०५** | **८६,३०** |
| २२५११ कर्मचारी तालिम खर्च | ३,७०,९४ | ४,१९,५३ | १२,४०,१२ | ६,६६,२८ | ४,२६,५५ | ८६,३० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४१,०६,३२ | २६,२९,६३ | ३२,०५,५५ | १७,३१,०५ | १४,७४,५० | ० |
| **२२५२० उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च** | **२,६०,९१,०८** | **१,९७,५१,९०** | **७,१९,५५,८९** | **५,३७,०७,७०** | **१,४६,६४,८२** | **३६,४९** |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,०८,९२ | ७२,३७ | २,४५,९३ | २,४५,९३ | ० | ० |
| २२५२२ कार्यक्रम खर्च | २,५९,५८,०९ | १,९५,९३,६७ | ६,६०,५६,४८ | ५,३२,६८,८५ | ९५,८१,२६ | ३६,४९ |
| २२५२९ विविध कार्यक्रम खर्च | २४,०७ | ८५,८६ | ५६,५३,४८ | १,९२,९२ | ५०,८३,५६ | ० |
| **२२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **८,२६,७२** | **७,७३,१०** | **१२,०३,५८** | **११,१५,०५** | **८६,५१** | **१,४७** |
| **२२६१० अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **८,२६,७२** | **७,७३,१०** | **१२,०३,५८** | **११,१५,०५** | **८६,५१** | **१,४७** |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ६,५०,८७ | ५,६५,७३ | ९,१५,३६ | ८,४२,८९ | ७०,४५ | १,४७ |
| २२६१२ भ्रमण खर्च | १,७५,८५ | २,०२,२८ | २,८७,४८ | २,७१,४२ | १६,०६ | ० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ० | १,७८ | ५० | ५० | ० | ० |
| २२६१९ अन्य भ्रमण खर्च | ० | ३,३१ | २४ | २४ | ० | ० |
| **२२७०० विविध खर्च** | **३,००,१४** | **२,१७,४९** | **४,२५,५२** | **३,९७,१८** | **२८,३४** | **०** |
| **२२७१० विविध खर्च** | **३,००,१४** | **२,१७,४९** | **४,२५,५२** | **३,९७,१८** | **२८,३४** | **०** |
| २२७११ विविध खर्च | ३,००,१४ | २,१७,४९ | ४,२५,५२ | ३,९७,१८ | २८,३४ | ० |
| **२५००० सहायता (Subsidy)** | **५७,८९,०६** | **७,१९,८२** | **१६,१८,२०** | **१६,१८,२०** | **०** | **०** |
| **२५१०० सार्वजनिक संस्थानहरूलाई सहायता** | **०** | **१,६२** | **०** | **०** | **०** | **०** |
| **२५११० गैह वित्तीय संस्थानहरूलाई सहायता** | **०** | **१,६२** | **०** | **०** | **०** | **०** |
| २५१११ गैह वित्तीय संस्थानहरूलाई चालु सहायता | ० | १,६२ | ० | ० | ० | ० |

| शीर्षक | २०७५/७६ को यथार्थ खर्च | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत | |
| | | | | | संघ अनुदान | वैदेशिक |
| **२५२०० व्यवसायहरूलाई सहायता** | **०** | **३,५५,८०** | **१२,३५,२०** | **१२,३५,२०** | **०** | **०** |
| **२५२१० गैह्र वित्तीय व्यवसायहरूलाई सहायता** | **०** | **३,५५,८०** | **१२,३५,२०** | **१२,३५,२०** | **०** | **०** |
| २५२१२ गैह्र वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | ० | ३,५५,८० | १२,३५,२० | १२,३५,२० | ० | ० |
| **२५३०० अन्य सहायता** | **५७,८९,०६** | **३,६२,४०** | **३,८३,००** | **३,८३,००** | **०** | **०** |
| **२५३१० अन्य सामाजिक संस्थालाई सहायता** | **५७,८९,०६** | **३,६२,४०** | **३,८३,००** | **३,८३,००** | **०** | **०** |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ५७,६४,०६ | ९७,२० | ९०,०० | ९०,०० | ० | ० |
| २५३१५ अन्य सहायता | २५,०० | २,६५,२० | २,९३,०० | २,९३,०० | ० | ० |
| **२६००० अनुदान** | **१,८५,०८,७४** | **४,४४,३६,१०** | **३,७९,७९,३०** | **२,६५,८५,४२** | **१,१३,९३,८८** | **०** |
| **२६३०० अन्य तहका सरकारहरूलाई अनुदान** | **१,१०,३८,२३** | **४,१५,६३,७४** | **२,१३,५०,००** | **१,५१,२४,१२** | **६२,२५,८८** | **०** |
| **२६३१० स्थानीय निकाय चालु अनुदान** | **७,९१,८५** | **०** | **०** | **०** | **०** | **०** |
| २६३१२ स्थानीय निकाय सःशर्त चालु अनुदान | ७,९१,८५ | ० | ० | ० | ० | ० |
| **२६३३० आन्तरिक अनुदान** | **१,०२,४६,३८** | **४,१५,६३,७४** | **२,१३,५०,००** | **१,५१,२४,१२** | **६२,२५,८८** | **०** |
| २६३३१ समानिकरण अनुदान | ६२,००,०० | ६२,२१,७२ | ६३,००,०० | ७४,१२ | ६२,२५,८८ | ० |
| २६३३२ शसर्त अनुदान | ३,०३,०९ | १,७५,००,८६ | ५०,०० | ५०,०० | ० | ० |
| २६३३३ विषेश अनुदान | २३,९५,४७ | ७०,००,०० | ५०,००,०० | ५०,००,०० | ० | ० |
| २६३३४ समपुरक अनुदान | १३,४७,८२ | १,०८,४१,१६ | १,००,००,०० | १,००,००,०० | ० | ० |
| **२६४०० सामाजिक सेवा अनुदान** | **७४,७०,५१** | **२८,७२,३६** | **१,६६,२९,३०** | **१,१४,६१,३०** | **५१,६८,००** | **०** |
| **२६४१० चालु अनुदान** | **४३,८३,६२** | **२,८८,३६** | **३७,९५,००** | **१४,४५,००** | **२३,५०,००** | **०** |
| २६४११ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | १७,४९,८२ | ० | २०,०० | २०,०० | ० | ० |
| २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | १८,८१,३८ | २,६९,७० | ४,८०,०० | ४,८०,०० | ० | ० |
| २६४१३ अन्य संस्थालाई अनुदान— सःशर्त | ७,५२,४२ | १८,६६ | ३२,९५,०० | ९,४५,०० | २३,५०,०० | ० |
| **२६४२० पुँजीगत अनुदान** | **३०,८६,८९** | **२५,८४,००** | **१,२८,३४,३०** | **१,००,१६,३०** | **२८,१८,००** | **०** |
| २६४२१ सरकारी निकाय, समिति, बोर्ड – पुँजीगत निःशर्त अनुदान | ० | ० | ३,८५,०० | ३,८५,०० | ० | ० |
| २६४२२ सरकारी निकाय, समिति, बोर्ड – पुजिगत सःशर्त अनुदान | ३०,४९,६४ | २५,८४,०० | १,२३,७४,३० | ९५,५६,३० | २८,१८,०० | ० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ३७,२५ | ० | ७५,०० | ७५,०० | ० | ० |
| **२७००० सामाजिक सुरक्षा** | **२१,७८,६३** | **१७,१९,२४** | **१८,८१,७२** | **१३,२०,७४** | **५,६०,९८** | **०** |
| **२७१०० सामाजिक सुरक्षा** | **५,११** | **६,४७,८९** | **२,७६,१२** | **२,७१,१२** | **५,००** | **०** |
| **२७११० सामाजिक सुरक्षा** | **५,११** | **६,४७,८९** | **२,७६,१२** | **२,७१,१२** | **५,००** | **०** |
| २७१११ सामाजिक सुरक्षा | ० | ६,४७,०८ | १,५६,१२ | १,५१,१२ | ५,०० | ० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ५,११ | ८१ | १,२०,०० | १,२०,०० | ० | ० |
| **२७२०० सामाजिक सहायता** | **२१,७३,५२** | **१०,७१,३५** | **१६,०५,६०** | **१०,४९,६२** | **५,५५,९८** | **०** |
| **२७२१० सामाजिक सहायता** | **२१,७३,५२** | **१०,७१,३५** | **१६,०५,६०** | **१०,४९,६२** | **५,५५,९८** | **०** |
| २७२११ छात्रवृत्ति | २,८३,४६ | ३,५१,४९ | ५,९६,९८ | ४,९३,०० | १,०३,९८ | ० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५,९१,२० | ० | ० | ० | ० | ० |
| २७२१३ औषधी खरिद खर्च | १२,९८,८६ | ५,११,९१ | ९,५५,२२ | ५,०३,२२ | ४,५२,०० | ० |
| २७२१९ अन्य सामाजिक सहायता | ० | २,०७,९५ | ५३,४० | ५३,४० | ० | ० |
| **२८००० अन्य खर्च** | **३,२१,३८** | **१५,९८,९८** | **१,८१,४१,५३** | **१,८१,२३,२९** | **१८,२४** | **०** |

| शीर्षक | २०७५/७६ को यथार्थ खर्च | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत | |
| | | | | | संघ अनुदान | वैदेशिक |
| **२८१०० सम्पत्ति सम्वन्धी खर्च** | **३,२१,३८** | **२,७६,२३** | **५,२८,८४** | **५,१०,६०** | **१८,२४** | **०** |
| **२८१४० भाडा** | **३,२१,३८** | **२,७६,२३** | **५,२८,८४** | **५,१०,६०** | **१८,२४** | **०** |
| २८१४१ जग्गाको भाडा | ० | ५४ | १,०० | १,०० | ० | ० |
| २८१४२ घर भाडा | २,५७,०३ | २,५६,३५ | ४,९९,३४ | ४,८१,१० | १८,२४ | ० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ६४,३५ | १९,३४ | २८,५० | २८,५० | ० | ० |
| **२८२०० फिर्ता खर्च** | **०** | **१६,२०** | **३०,००** | **३०,००** | **०** | **०** |
| **२८२१० फिर्ता खर्च** | **०** | **१६,२०** | **३०,००** | **३०,००** | **०** | **०** |
| २८२१२ न्यायिक फिर्ता | ० | १६,२० | ३०,०० | ३०,०० | ० | ० |
| **२८९०० भैपरी आउने चालु खर्च** | **०** | **१३,०६,५५** | **१,७५,८२,६९** | **१,७५,८२,६९** | **०** | **०** |
| **२८९१० भैपरी आउने चालु खर्च** | **०** | **१३,०६,५५** | **१,७५,८२,६९** | **१,७५,८२,६९** | **०** | **०** |
| २८९११ भैपरी आउने चालु खर्च | ० | १३,०६,५५ | १,७५,८२,६९ | १,७५,८२,६९ | ० | ० |
| **पूंजीगत खर्च** | **७,२३,२६,०८** | **८,२३,५६,०८** | **१६,७५,८४,८८** | **५,९२,२९,४१** | **१०,६९,७४,९०** | **८,५६,७४** |
| **३१००० पूंजीगत खर्च** | **७,२३,२६,०८** | **८,२३,५६,०८** | **१६,७५,८४,८८** | **५,९२,२९,४१** | **१०,६९,७४,९०** | **८,५६,७४** |
| **३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च** | **७,२३,२१,४४** | **८,१४,९२,२५** | **१४,३८,४८,९४** | **४,५४,९३,४७** | **९,६९,७४,९०** | **८,५६,७४** |
| **३१११० भवन तथा संरचना** | **४२,१५,४२** | **१,०१,८२,२९** | **१,५८,०६,६७** | **६०,२६,१७** | **९७,५१,९३** | **१६,७४** |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ० | ० | १,५०,०० | १,५०,०० | ० | ० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ४२,१५,४२ | १,०१,७४,४९ | १,५६,५६,६७ | ५८,७६,१७ | ९७,५१,९३ | १६,७४ |
| ३१११४ जग्गा विकास कार्य | ० | ७,८० | ० | ० | ० | ० |
| **३११२० सवारी साधन तथा मेशिनरी औजार** | **७०,५२,४९** | **३४,५९,२८** | **१,१३,०१,४२** | **६४,६३,८९** | **४८,२५,५३** | **०** |
| ३११२१ सवारी साधन | २८,८०,६५ | १३,२८,६९ | ३०,१३,९९ | २२,५६,९९ | ७,५७,०० | ० |
| ३११२२ मेशिनरी तथा औजार | ३७,४०,५० | १८,१६,०४ | ७६,०३,७८ | ३६,१८,८५ | ३९,७२,९३ | ० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ४,३१,३४ | ३,१४,५५ | ६,८३,६५ | ५,८८,०५ | ९५,६० | ० |
| **३११३० अन्य पूंजीगत खर्च** | **१९,०४** | **१८,९७** | **४७,००** | **४६,००** | **१,००** | **०** |
| ३११३२ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | ० | १८,९७ | ० | ० | ० | ० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १९,०४ | ० | ४७,०० | ४६,०० | १,०० | ० |
| **३११५० सार्वजनिक निर्माण** | **५,६२,४८,५९** | **६,६३,८०,७४** | **११,११,५७,४१** | **३,०४,५५,११** | **७,९८,६२,३०** | **८,४०,००** |
| ३११५१ सडक तथा पूल निर्माण | ३,१४,४९,८१ | २,३२,०८,९५ | ५,४६,५४,०० | १,९१,०५,६० | ३,५५,४८,४० | ० |
| ३११५३ विद्युत संरचना निर्माण | १,७२,९९ | ९६,४८ | ८,६०,०० | २,६०,०० | ६,००,०० | ० |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | ७०,५२,९१ | ३५,५४,१६ | ४५,८१,१८ | ३,१०,०० | ४२,७१,१८ | ० |
| ३११५५ सिंचाई संरचना निर्माण | ९८,५९,४७ | १,८२,८८,०४ | १,९६,५३,८२ | ५,५०,०० | १,८२,६३,८२ | ८,४०,०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ५९,८५,१४ | १,४५,१३,८९ | १,७२,९०,९० | ३,०२,५० | १,६९,८८,४० | ० |
| ३११५७ वन तथा वातावरण संरक्षण | १,३२,५२ | १६,३५,१७ | ६०,५५,३० | ५४,७१,३० | ५,८४,०० | ० |
| ३११५८ सरसफाई संरचना निर्माण | ६३,८० | ६२,१४ | २,९३,०० | ३१,०० | २,६२,०० | ० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १५,३१,९५ | ५०,२१,९१ | ७७,६९,२१ | ४४,२४,७१ | ३३,४४,५० | ० |
| **३११६० निर्मित संरचनाको सुधार खर्च** | **५,३९,४३** | **२,६८,६८** | **७,०९,८०** | **५,९९,८०** | **१,१०,००** | **०** |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,३९,४३ | २,६८,६८ | ७,०९,८० | ५,९९,८० | १,१०,०० | ० |
| **३११७० पूंजीगत सुधार खर्च** | **४२,४६,४७** | **११,८२,२९** | **४८,२६,६४** | **१९,०२,५०** | **२४,२४,१४** | **०** |
| ३११७१ पूंजीगत सुधार खर्च सार्वजनिक निर्माण | ८,७४,४४ | ६,२१,८७ | १७,०४,५० | १४,३७,५० | २,६७,०० | ० |
| ३११७२ पूंजीगत अनुसन्धान तथा परामर्श | ३३,७२,०३ | ५,६०,४२ | ३१,२२,१४ | ४,६५,०० | २१,५७,१४ | ० |

| शीर्षक | २०७५/७६ को यथार्थ खर्च | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत | |
| | | | | | संघ अनुदान | वैदेशिक |
| ३१४०० प्राकृतिक सम्पत्ति (Non-produced assets) | ४,६४ | १,८८ | ० | ० | ० | ० |
| ३१४१० जग्गा प्राप्ति | ४,६४ | १,८८ | ० | ० | ० | ० |
| ३१४११ जग्गा प्राप्ति | ४,६४ | १,८८ | ० | ० | ० | ० |
| ३१५०० भैपरी आउने पूँजीगत | ० | ८,६१,९५ | २,३७,३५,९४ | १,३७,३५,९४ | १,००,००,०० | ० |
| ३१५१० भैपरी आउने पूँजीगत | ० | ८,६१,९५ | २,३७,३५,९४ | १,३७,३५,९४ | १,००,००,०० | ० |
| ३१५११ भैपरी आउने पूँजीगत | ० | ८,६१,९५ | २,३७,३५,९४ | १,३७,३५,९४ | १,००,००,०० | ० |
| वित्तीय व्यवस्था | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| ३२१०० आन्तरिक वित्तीय सम्पत्ति | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| ३२१४० खूद ऋण लगानी | ० | ० | ६,००,०० | ६,००,०० | ० | ० |
| ३२१४२ सार्वजनिक संस्थानमा ऋण लगानी | ० | ० | ३,००,०० | ३,००,०० | ० | ० |
| ३२१४३ अन्य संस्थामा ऋण लगानी | ० | ० | ३,००,०० | ३,००,०० | ० | ० |
| ३२१५० खूद शेयर लगानी | ० | ० | २४,००,०० | २४,००,०० | ० | ० |
| ३२१५१ संस्थानमा शेयर लगानी | ० | ० | २४,००,०० | २४,००,०० | ० | ० |
| **जम्मा खर्च** | १४,१६,३४,०० | १६,७४,०२,५७ | ३३,३८,१३,४८ | १९,१४,४२,३३ | १३,७१,७१,०० | ९,८१,०० |

# व्यय अनुमान

## आर्थिक बर्ष २०७७/७८

अनुसूची -६

(रू. हजारमा)

| शीर्षक | २०७५/७६ को यथार्थ खर्च | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| **संवैधानिक अंगहरु** | २०,३१,४२ | ९,१२,९० | १९,१०,६४ | १९,१०,६४ | ० | ० |
| **प्रदेश व्यवस्थापिका** | २०,३१,४२ | ९,१२,९० | १९,१०,६४ | १९,१०,६४ | ० | ० |
| चालु | १२,०२,८७ | ७,८९,५६ | १५,३२,१४ | १५,३२,१४ | ० | ० |
| पूंजीगत खर्च | ८,२८,५५ | १,२३,३४ | ३,७८,५० | ३,७८,५० | ० | ० |
| **मन्त्रालय** | १३,९६,०२,५८ | १२,९०,०६,०२ | २७,७४,६४,१५ | १५,१३,१८,८८ | १२,०९,४५,१२ | ९,८१,०० |
| **मुख्य न्यायाधिवक्ताको कार्यालय** | २,४८,४७ | ० | ० | ० | ० | ० |
| चालु | ९०,४८ | ० | ० | ० | ० | ० |
| पूंजीगत खर्च | १,५७,९९ | ० | ० | ० | ० | ० |
| **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | ९,०५,३७ | ७,७३,२६ | १,७८,९२,७७ | १,२५,६९,७७ | १७,८९,०० | ० |
| चालु | ७,३९,३५ | ६,६२,३६ | ७३,०१,३६ | २५,०४,८६ | १७,७४,५० | ० |
| पूंजीगत खर्च | १,६६,०२ | १,१०,९० | १,०५,९१,४१ | १,००,६४,९१ | १४,५० | ० |
| **आर्थिक मामिला तथा योजना मन्त्रालय** | २,०५,३०,६९ | २४,७९,९१ | १,६४,२४,३० | १,६४,१९,३० | ० | ० |
| चालु | २,०२,८५,८२ | २४,१९,६५ | १,६१,९९,८५ | १,६१,९४,८५ | ० | ० |
| पूंजीगत खर्च | २,४४,८७ | ६०,२६ | २,२४,४५ | २,२४,४५ | ० | ० |
| **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | १,१०,७१,३६ | १,१८,२७,०६ | २,७८,१०,०९ | २,३७,८२,०९ | ३९,६२,०० | ० |
| चालु | ८८,४३,७२ | ८२,२०,९३ | १,७६,७४,३७ | १,४४,७७,३७ | ३१,३१,०० | ० |
| पूंजीगत खर्च | २२,२७,६४ | ३६,०६,१३ | १,०१,३५,७२ | ९३,०४,७२ | ८,३१,०० | ० |
| **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | १,००,४१,२६ | १,५४,०८,११ | ३,३३,३१,३२ | २,८२,८६,३२ | ५०,४५,०० | ० |
| चालु | ८९,२४,५२ | १,३६,२४,८७ | २,८६,२०,५६ | २,४८,१५,५६ | ३८,०५,०० | ० |
| पूंजीगत खर्च | ११,१६,७४ | १७,८३,२४ | ४७,१०,७६ | ३४,७०,७६ | १२,४०,०० | ० |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | १४,७९,३२ | ११,१५,८० | ४६,८६,०१ | २४,४६,०१ | २२,३०,०० | ० |
| चालु | ९,११,९४ | ५,९६,७५ | १५,८५,९३ | १३,३५,९३ | २,४०,०० | ० |
| पूंजीगत खर्च | ५,६७,३८ | ५,१९,०५ | ३१,००,०८ | ११,१०,०८ | १९,९०,०० | ० |
| **भौतिक पूर्वाधार विकास मन्त्रालय** | ६,२०,२३,३१ | ७,१८,८६,८५ | ११,१०,५३,०३ | २,६१,८४,३४ | ८,४०,१०,६९ | ८,४०,०० |
| चालु | २३,३६,२३ | २६,९१,३५ | ३७,८८,८९ | ३७,७०,८९ | ० | ० |
| पूंजीगत खर्च | ५,९६,८७,०८ | ६,९१,९५,५० | १०,७२,६४,१४ | २,२४,१३,४५ | ८,४०,१०,६९ | ८,४०,०० |
| **सामाजिक विकास मन्त्रालय** | ३,३३,०२,८० | २,५५,१५,०३ | ६,६२,६६,६३ | ४,१६,३१,०५ | २,३९,०८,४३ | १,४१,०० |
| चालु | २,५९,७२,९९ | १,९३,५७,९५ | ४,७५,८६,८१ | ३,१८,६८,५१ | १,५०,१९,७२ | १,२४,२६ |
| पूंजीगत खर्च | ७३,२९,८१ | ६१,५७,०८ | १,८६,७९,८२ | ९७,६२,५४ | ८८,८८,७१ | १६,७४ |
| **अर्थ मन्त्रालय-वित्तिय व्यवस्था तथा ऋण भुक्तानी** | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| **अर्थ - वित्तीय व्यवस्था** | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| वित्तीय व्यवस्था | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| **अर्थ  बजेट** | ० | १,५६,४५,५० | ३,००,८८,६९ | २,००,८८,६९ | १,००,००,०० | ० |
| **अर्थ - विविध** | ० | १,५६,४५,५० | ३,००,८८,६९ | २,००,८८,६९ | १,००,००,०० | ० |
| चालु | ० | १,४८,४४,९२ | १,७५,८८,६९ | १,७५,८८,६९ | ० | ० |
| पूंजीगत खर्च | ० | ८,००,५८ | १,२५,००,०० | २५,००,०० | १,००,००,०० | ० |
| **स्थानीय तह** | ० | २,१८,३८,१५ | २,१३,५०,०० | १,५१,२४,१२ | ६२,२५,८८ | ० |
| **स्थानीय तह** | ० | २,१८,३८,१५ | २,१३,५०,०० | १,५१,२४,१२ | ६२,२५,८८ | ० |
| चालु | ० | २,१८,३८,१५ | २,१३,५०,०० | १,५१,२४,१२ | ६२,२५,८८ | ० |
| **जम्मा खर्च** | १४,१६,३४,०० | १६,७४,०२,५७ | ३३,३८,१३,४८ | १९,१४,४२,३३ | १३,७१,७१,०० | ९,८१,०० |

# आर्थिक वर्ष २०७७/७८ को लैंगिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान

अनुसूची -७

(रू.हजारमा )

| निकाय | | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
|---|---|---|---|---|---|
| २०२ | प्रदेश व्यवस्थापिका | ० | ० | १९,१०,६४ | १९,१०,६४ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | १,७८,९२,७७ | १,७८,९२,७७ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | १,६४,२४,३० | ० | १,६४,२४,३० |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २,७०,९४,२५ | ७,१५,८४ | ० | २,७८,१०,०९ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३,१३,६०,२७ | १९,७१,०५ | ० | ३,३३,३१,३२ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ० | ४६,८६,०१ | ० | ४६,८६,०१ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ६,०३,६८,६८ | ५,०६,८४,३५ | ० | ११,१०,५३,०३ |
| ३५० | सामाजिक विकास मन्त्रालय | १,८१,६५,९३ | ४,८१,००,७० | ० | ६,६२,६६,६३ |
| ५०१ | अर्थ - वित्तीय व्यवस्था | ० | ३०,००,०० | ० | ३०,००,०० |
| ६०२ | अर्थ - विविध | ० | ३,००,५८,६९ | ३०,०० | ३,००,८८,६९ |
| ८०१ | स्थानीय तह | २,१३,५०,०० | ० | ० | २,१३,५०,०० |
| | **कुल जम्मा** | **१५,८३,३९,१३** | **१५,५६,४०,९४** | **१,९८,३३,४१** | **३३३८१३४८** |

| संकेत | लैङ्गिक उत्तरदायी बजेट | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | १५,८३,३९,१३ | ४७.४३ |
| २ | अप्रत्यक्ष लाभ | १५,५६,४०,९४ | ४६.६३ |
| ३ | तटस्थ | १,९८,३३,४१ | ५.९४ |

**द्रष्टव्यः लैङ्गिक उत्तरदायी बजेट छुट्टयाईएका आधारहरू**

बजेटका प्रत्येक क्रियाकलाप लैङ्गिक दृष्टिले कता उन्मुख छ भनी निर्क्योल गर्न निम्नानुसार वर्गीकरण गरिएको छ :

(क) महिलालाई ५० प्रतिशत वा सो भन्दा बढी लाभ पुग्ने क्रियाकलाप - प्रत्यक्ष लाभ

(ख) महिलालाई २० प्रतिशत वा सो भन्दा माथि तर ५० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियाकलाप - अप्रत्यक्ष लाभ

(ग) महिलालाई २० प्रतिशत भन्दा न्यून लाभ पुग्ने क्रियाकलाप - तटस्थ

उपरोक्तानुसार प्रतिशत निकाल्दा देहायका क्रियाकलापहरूको सूचकहरुका आधारमा मूल्यांकन गरी सो मूल्यांकन का आधारमा प्राप्त हुने नतिजा बमोजिम लैङ्गिक बजेटलाई वर्गीकरण गरिएको छ।

| क्र. सं. | सूचक | प्रतिशत |
|---|---|---|
| १ | योजना तर्जुमा र कार्यन्वयनमा महिला सहभागिता | २० |
| २ | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| ३ | कार्यक्रममा महिलाहरुको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता -अन्य लक्षित वर्गका कार्यक्रममा समेत | ३० |
| ४ | महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |
| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |
| | **जम्मा** | **१००** |

# आर्थिक वर्ष २०७७/७८ को जलवायु परिवर्तन बजेट अनुसारको व्यय अनुमान

अनुसूची -८

(रू.हजारमा )

| | निकाय | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
|---|---|---|---|---|---|
| २०२ | प्रदेश व्यवस्थापिका | ० | ० | १९,१०,६४ | १९,१०,६४ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ५३,२३,०० | १,२५,६९,७७ | १,७८,९२,७७ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | १,६४,२४,३० | ० | १,६४,२४,३० |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २,४६,७५,६३ | ३१,३४,४६ | ० | २,७८,१०,०९ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १,०५,०३,५१ | २,२८,२७,८१ | ० | ३,३३,३१,३२ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ० | ० | ४६,८६,०१ | ४६,८६,०१ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०,४७,९९,१० | ६२,५३,९३ | ० | ११,१०,५३,०३ |
| ३५० | सामाजिक विकास मन्त्रालय | १३,२७,०५ | २,१५,७८,६१ | ४,३३,६०,९७ | ६,६२,६६,६३ |
| ५०१ | अर्थ - वित्तीय व्यवस्था | ० | ३०,००,०० | ० | ३०,००,०० |
| ६०२ | अर्थ - विविध | १,२५,००,०० | ० | १,७५,८८,६९ | ३,००,८८,६९ |
| ८०१ | स्थानीय तह | ० | २,१३,५०,०० | ० | २,१३,५०,०० |
| | **कुल जम्मा** | **१५,३८,०५,२९** | **९,९८,९२,११** | **८०११६०८** | **३३,३८,१३,४८** |

| संकेत | जलवायु परिवर्तन बजेट | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | १५३८०५२९ | ४६.०८ |
| २ | अप्रत्यक्ष लाभ | ९९८९२११ | २९.९२ |
| ३ | तटस्थ | ८०११६०८ | २४.०० |

# प्राथमिकता तथा रणनीति सारांश

अनुसूची -

(रू.हजारमा )

| संकेत | प्राथमिकता | रकम | प्रतिशत |
|---|---|---|---|
| P1 | पहिलो प्राथमिकता | ३३३८१३४८ | १००.०० |
| | कुल जम्मा | ३३३८१३४८ | १०० |

| संकेत | रणनीति | रकम | प्रतिशत |
|---|---|---|---|
| ०१ | आर्थिक वृद्धि | ९४६५७४६ | २८.३६ |
| ०२ | स्वास्थ्य तथा शिक्षा | ७६९२२१३ | २३.०४ |
| ०३ | अन्तरआवद्धता र शहरी विकास | ३०२५७४ | ०.९१ |
| ०४ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | ६४७९५०४ | १९.४१ |
| ०५ | सामाजिक सुरक्षा तथा संरक्षण | ६९९२३६९ | २०.९५ |
| ०७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ४६८६०१ | १.४० |
| ०८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | १२५६९७७ | ३.७७ |
| ०९ | साधारण प्रशासन | ७२३३६४ | २.१७ |
| | कुल जम्मा | ३३३८१३४८ | १०० |

| संकेत | SDG | रकम | प्रतिशत |
|---|---|---|---|
| ० | सांकेतीकरण नगरिएको | ६०७१६१० | १८.१९ |
| १ | गरिबीको अन्त्य | २३९९५२० | ७.१९ |
| २ | शून्य भोकमरी | ५९३४१६ | १.७८ |
| ३ | स्वस्थ जीवन | २३३१३१९ | ६.९८ |
| ४ | गुणस्तरीय शिक्षा | १७५५९०५ | ५.२६ |
| ५ | लैङ्गिक समानता | ११०६९८६ | ३.३२ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १७५२५८२ | ५.२५ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | १०९९५९३७ | ३२.९४ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ३४९२३४ | १.०५ |
| १० | असमानता न्यूनीकरण | ९४६०७१ | २.८३ |
| ११ | दिगो शहर र वस्तीहरू | ३५२९३५ | १.०६ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १४८१९३५ | ४.४४ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | १९८०६६० | ५.९३ |
| १५ | भूसतह स्रोतको उपयोग | ५५१८४२ | १.६५ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ४६८६०१ | १.४ |
| १७ | दिगो विकासका लागि साझेदारी | २४२७९५ | .७३ |